# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ४, अङ्क १३, पूर्णाङ्क १५९ | २०७५ भदौ २० गते बुधबार | Wednesday, 05 Sep 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## कार्यकर्ता पढाउँदै नेकपा

■ रातो खबर संवाददाता

नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय स्कुलिङ विभागले पूर्वी ताम्सालिङमा पार्टी स्कुल सञ्चालन गरेको छ। भदौ १३ देखि १६ गतेसम्म सञ्चालन गरिएको स्कुलमा पूर्वी ताम्सालिङअन्तर्गत पर्ने काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, रसुवालगायत जिल्लाबाट प्रतिनिधिहरू सहभागी भएका थिए।

पार्टी स्कुल उद्घाटन गर्दै नेकपाका पोलिटब्युरो सदस्य तथा स्कुलिङ विभागका वरिष्ठ सदस्य रणवीरले पार्टी कार्यकर्ताहरूको राजनीतिक चेतनास्तर विकास गर्न स्कुल सञ्चालन गरिएको बताए।

उक्त पार्टी स्कुलमा रणवीरले दर्शनशास्त्र र राजनीतिक कार्यदिशाका बारेमा पढाएका थिए। यस्तै नेकपाका केन्द्रीय सदस्य तथा पूर्वी ताम्सालिङ ब्युरो इन्चार्ज विजयले वैज्ञानिक समाजवाद र गतिले अर्थशास्त्रसम्बन्धी कक्षा दिएका थिए। विजयको अध्यक्षतामा तीन दिन चलेको स्कुलको सहजीकरण अग्रीमले गरेका थिए।

# ‘राज्यआतङ्क चलिरहेको छ भीषण प्रतिरोधको सामना गर्नुपर्नेछ’

■ रातो खबर संवाददाता/काठमाडौं

अहिले राज्यले नेपाल कम्युनिस्ट पार्टीमाथि भीषण दमन गरिरहेको छ। काठमाडौंलगायत मुख्य सहरहरूमा सरकारले उक्त पार्टीको शान्तिपूर्ण कार्यक्रम पनि गर्न दिएको छैन। अहिले राज्य नेपाल कम्युनिस्ट पार्टीका माथिल्ला तहका नेताहरूलाई बलबुताले भ्याएसम्म गिरफ्तार गरिराखेको छ। अहिले प्रवक्ता प्रकाण्डलगायत ११ जना केन्द्रीय नेताहरूलाई गिरफ्तार गरेर मानसिक र शारीरिक यातना दिइराखेको छ। एकातिर उक्त पार्टीप्रति राज्यको रबैया ठीक मात्र छैन, सर्वोच्च अदालतलगायत अदालतले रिहा गर्न आदेश दिए पनि पुनःपुनः गिरफ्तार गर्दै यातना दिनुका साथै हिजो पञ्चायतकालमा अड्डासार गरेझैं गरिराखेका छन्। अर्कोतिर वार्ताको नाटक रचिराखेका छन्। यिनै कुराहरूलाई लिएर आफ्नो पार्टीको धारणा स्पष्ट पार्दै नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले रातो खबरका लागि एउटा लेख पठाएका छन्।





राज्यले किन दमन गरिराखेको छ भन्ने प्रसङ्ग निकाल्दै विप्लवले भनेका छन्, ‘वास्तवमा केपी–प्रचण्ड सरकारले हामीमाथिको दमनबारे जे कारणहरू पेस गरेको छ ती सही एवम् वास्तविक कारण होइनन्। वास्तविक कारण अर्कै छन्। ती कारणहरू निम्नरहेका छन्- पहिलो, उनीहरूले संसदीय व्यवस्थालाई सुदृढ गर्न खोज्नु र हामीले त्यसका विरुद्ध सङ्घर्ष गर्नु, दोस्रो, केपी–प्रचण्ड सरकार श्रमिक वर्गीय

... बाँकी पृष्ठ ३ मा

## प्रचण्डका ५० भन्दा बढी नेता–कार्यकर्ता विप्लवतिर



■ रातो खबर संवाददाता/दार्चुला

क्रान्तिकारी ध्रुवीकरण देशैभर तीव्र भइरहेको बेला दार्चुलाको नौगाड गाउँपालिकामा पूर्वमाओवादी केन्द्रको प्रभाव रहेको एउटा गाउँका पूरै अगुवा राजनीतिक कार्यकर्ता नेकपामा प्रवेश गरेका छन्। उक्त गाउँका ५० भन्दा बढी नेता-कार्यकर्ता नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका हुन्। पछिल्लो समय माओवादी केन्द्र एमालेमा विलय भएको भन्दै पूर्वमाओवादी केन्द्रको प्रभाव रहेको गाउँका अगुवा कार्यकर्ता नेकपामा प्रवेश गरेको जानकारी नेकपाका दार्चुला जिल्ला इन्चार्ज रमेश नेपालीले दिएका छन्। इन्चार्ज नेपालीले नवहरूलाई स्वागत गरेका थिए। कार्यक्रममा माओवादी केन्द्रका पूर्वगाविस अध्यक्ष रामसिंह ठगुन्नाले प्रचण्डले जनयुद्धबाट आएको पार्टीलाई एमालेमा विलय गराएकाले आफूहरू क्रान्ति गर्ने पार्टी नेकपामा लामबद्ध भएको बताए।

# अभियान टोली गाउँगाउँमा

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीको ‘सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान’ गाउँगाउँसम्म पुगेको छ। अभियान गण्डक ब्युरोमा तीव्र रूपमा सञ्चालन भइरहेको जानकारी गण्डक ब्युरो सदस्य तथा तनहुँका इन्चार्ज उभारले दिएका छन्। उभारको नेतृत्वमा कास्की र पर्वतको गाउँदेखि सहरसम्म अभियान चलिरहेको छ।

अभियान टोलीहरूले पर्वतको मोदी गाउँपालिका, राम्जा, चित्रे, नेपाने, ओदारे, कास्कीको अन्नपूर्ण गाउँपालिका, सल्यान, भदौरे-लुम्लेमा ‘भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर ! वैज्ञानिक समाजवाद स्थापना गरौं ! कर र महँगी बढाउन पाइँदैन, दलाल सरकार चाहिँदैन’ लगायत नारा भित्ताभित्तामा लेखेका छन्। त्यस्तै उक्त अभियान टोलीले एकाइ समिति निर्माणदेखि भेला र प्रशिक्षणसम्म सञ्चालन गरेको बताइएको छ।




यसैबीच राप्ती ब्युरोअन्तर्गत रहेको रोल्पामा तीव्र भएको नेकपा रोल्पाले जनाएको छ। अभियानअन्तर्गत सोमबार निगालपानी र सिम्पानीमा भव्य कार्यक्रम सम्पन्न भएको छ। अभियान टोलीले सङ्गठन निर्माणदेखि भेला र प्रशिक्षण सञ्चालन गरिरहेको बताइएको छ। यसैगरी चितवन र बाँके जिल्लाका विभिन्न ठाउँमा राजनीतिक तथा वैचारिक कार्यक्रम भइरहेको समाचार प्राप्त भएको छ।

यस्तै कालीकोटमा

बाँकी पृष्ठ ३ मा

# विप्लवका माग राजनीतिक ढङ्गले समाधान गर : अशोक राई

■ गोपाल गिरी/काठमाडौं



सङ्घीय समाजवादी फोरमका उपाध्यक्ष अशोक राईले नेपाल कम्युनिस्ट पार्टीको राजनीतिक मागलाई राजनीतिक ढङ्गले नै समाधान गर्नुपर्ने बताएका छन्। अध्यक्ष राईले सञ्चारमाध्यमसँग कुरा गर्दै उक्त कुरा बताएका हुन्। सरकारले कानुनी उपचार मात्रै खोज्न नहुने भन्दै सरकारले रचनात्मक ढङ्गले यसको समाधान गर्न पहल गर्नुपर्ने उनको भनाइ छ। राईले भनेका छन्, ‘कमरेड विप्लवसँग वार्ता तथा छलफलको माध्यमबाट समस्या समाधान गर्न विभिन्न सूत्रहरूमार्फत पहल गर्नु पर्दछ। क्रान्ति र परिवर्तन आफैँमा राम्रो कुरा भएको भन्दै नेता राईले हरेक विषयमा कानुनी उपचार मात्रै खोज्ने हो भने नेपाल कहिलै सुखी र शान्ति रहननसक्ने बताए।

# सर्वोच्चको आदेश पनि मानेन सरकारले

■ अम्बिका चन्द/काठमाडौं

न्यायालयकै मानहानि हुने गरी प्रहरीले नेकपाका नेता-कार्यकर्तालाई पटकपटक अदालतबाटै पक्राउ गर्न नछोडेपछि सर्वोच्च अदालतले गम्भीर चासो व्यक्त गरेको छ। सर्वोच्च अदालतले नेकपाका प्रवक्ता प्रकाण्डलाई थुनामुक्त गर्न अदालतले दिएको बन्दी प्रत्यक्षीकरण आदेशको पटकपटक उल्लङ्घन भएको ठहर गरेको छ। साथै अदालतले कानुन कार्यान्वयन गर्ने निकायबाट आदेशको असम्मान गरेकोमा गम्भीर चासो र सरोकार व्यक्त गरेको छ।

अदालतले पटकपटक रिहाइको आदेश दिए पनि नेकपाका नेता-कार्यकर्ता विभिन्न झूट्टा बहानामा गिरफ्तार हुने क्रम दोहोरिएपछि सर्वोच्चले रिहा गर्न आदेश गरेका प्रकाण्ड चौथोपटक गिरफ्तार भएका छन्। सोमबार मात्र न्यायाधीशद्वय सपना मल्ल प्रधान र टङ्कबहादुर मोक्तानको संयुक्त इजलासले प्रकाण्डलाई जिल्ला न्यायाधीशको रोहबरमा छाड्न आदेश दिएको थियो तर न्यायालयको अपमान हुने गरी प्रकाण्डलाई नुवाकोटबाट पुनः गिरफ्तार पक्राउ गरी भोजपुर लगिएको छ। यसअघि सर्वोच्चले प्रकाण्डलाई दुईपटक थुनामुक्त गर्न आदेश दिएलगत्तै प्रहरीले अदालत परिसरबाटै गिरफ्तार गरेको थियो।

गैरकानुनी थुनाबाट मुक्त गर्ने आदेश दिँदादिँदै त्यसलाई उल्लङ्घन गरेर पुनः गिरफ्तार गरेको भन्दै सर्वोच्चले आफ्नो आदेशमा भनेको छ, ‘यसरी अदालतको आदेशको सम्मान र कार्यान्वयन गर्नुपर्ने कानुनी दायित्व भएका निकायहरूबाट बारबार बन्दी प्रत्यक्षीकरण रिटमा गरिएको आदेशलाई असम्मान गरेकोमा अदालतको गम्भीर सरोकार छ।’

मुद्दाको अनुसन्धान गरी पर्याप्त आधार तथा प्रमाण भए कानुनबमोजिम मुद्दा चलाउन कानुनले रोक नलगाएको भन्दै सर्वोच्चले प्रकाण्डलाई रिहा गर्न आदेश दिएको हो।

यसैबीच सर्वोच्च अदालतले रिहा गरेलगत्तै नेकपाका पोलिटब्युरो सदस्यहरू मोहन कार्की ‘जीवन्त’ र कृष्ण धमला ‘

बाँकी पृष्ठ ३ मा

# राज्यको दमन र प्रचारबारे हाम्रो दृष्टिकोण

देश/परिवेश

■ विप्लव



अहिले केपी–प्रचण्डको सामाजिक दलाल पुँजीवादी सरकारले हाम्रो पार्टीमाथि अघोषित प्रतिबन्ध लगाउँदै निर्मम दमन चलाइरहेको छ। उसले पार्टीका वरिष्ठ नेता स्थायी समिति सदस्य तथा प्रवक्ता कमरेड प्रकाण्ड, पाँचजना पीबीएम कमरेडहरू पदम, शिलु, जीवन्त, गम्भीर, ओम, पाँचजना सीसीएम कमरेड दीपेश, किरण, देवनारायण, आजाद, असल र दर्जनौं अन्य कमरेडहरूलाई गिरफ्तार गरेको छ। साथै सयौंजनालाई झूट्टा मुद्दा लगाएको छ। देशभर जनताले घर अप्रेसन, खानतलासी र गिरफ्तारी खेप्नु परिरहेको छ। घोषित युद्ध नभए पनि युद्धस्तरमै दमन चलाइएको छ। २०४९–५० सालतिरको भन्दा चर्को दमन गरिएको छ। एउटा राज्यआतङ्क चलिरहेको छ। यता हाम्रो प्रतिरोध सङ्घर्ष पनि एकपछि अर्को नयाँ चरणतिर अग्रसर छ। यसले स्वभावतः जनतामा केही जिज्ञासाहरू जन्माएको छ। वास्तविकता के हो त ?

हामीमाथि मुद्दा चलाउनु, कमरेडहरूलाई गिरफ्तार गर्नु र नेपाल कम्युनिस्ट पार्टीमाथि दमन गर्नुको कारणमा केपी सरकारले मुख्यतः तीनवटा आरोप लगाएको छ : पहिलो, स्थानीय चुनाव र केन्द्रीय चुनावमा बम पड्काएर उम्मेदवारहरूको ज्यान लिन खोजेको, दोस्रो, देशका विभिन्न भागमा विस्फोट र आगजनी गरेर आतङ्क मच्चाएको, तेस्रो, चन्दा सङ्कलन गरेको (चन्दा आतङ्क मच्चाएको)। वास्तवमा केपी–प्रचण्ड सरकारले लगाएका यी आरोपहरूमा कुनै सत्यता र तुक छैन।

पहिलो कुरा हाम्रो पार्टीले कथित स्थानीय चुनाव, प्रदेश र केन्द्रीय चुनाव बहिष्कार गरेको हो। हामीले शान्तिवार्तामा काङ्ग्रेस–एमाले र प्रचण्डहरूबाट धोका भएपछि नै यो व्यवस्था नमान्ने घोषणा गरेका थियौं र सोही धारणाअनुसार चुनाव बहिष्कार गरेका हौं। चुनाव बहिष्कार गर्दा जनतालाई दलाल पुँजीवादी संसदीय व्यवस्था मान्न नहुने सन्देश दिनका लागि जनसमर्थन, बुझाइको स्तर र चेतनाअनुरूप राजनीतिक सङ्घर्षहरू सञ्चालन गरेका थियौं। त्यसमा हाम्रो पार्टीको उद्देश्य चुनावी नेताहरूको ज्यान लिने थिएन। सायद यत्तिको ज्ञान केपी–प्रचण्डहरूलाई हुनु नै पर्ने हो। ज्यान नै लिन चाहेको भए र पार्टीले योजना त्यसरी नै बनाएको भए कति भन्ने मात्र हो, त्यसमा कुनै समस्या नै पर्ने थिएन। त्यसैले प्रतिरोध सङ्घर्ष र जनतालाई सन्देश दिन खोजेको कुरालाई जबर्जस्त ज्यान लिन खोजेको मुद्दा बनाएको

क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# अति भयो

अहिलेको सरकारले उसैको राज्यप्रणालीमा रहेका राज्यका निकायहरूको अधिकार र कर्तव्यहरूलाई कुल्चिँदै हिँडिरहेको छ। उसको हातमा अहिले राज्य चलेको छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई राज्यप्रणालीको मुख्य अङ्ग रहेको हुन्छ। कार्यपालिकाअन्तर्गत रहेको गृह मन्त्रालयले अहिले जनतामाथि दमन गरिराखेको छ। जुलुस गर्न दिएको छैन। विरोध गर्न दिएको छैन। दिनदिनै भैराखेको महिला हिंसा र हत्याका विरुद्ध कुनै प्रभावकारी कदम चाल्न सकिराखेको छैन तर विशुद्ध राजनीतिक पूर्वाग्रह साधेर राजनीतिक शक्तिहरूमाथि दमन गरिराखेको छ। त्यसमा पनि नेपाल कम्युनिस्ट पार्टीका नेता/कार्यकर्ताहरूलाई एकोहोरो खेदिराखेको छ।

अहिले एकातिर स्वघोषित वाम सरकारले राजनीतिक वार्ताका लागि भनेर वार्तार्टोली बनाएको छ। अर्कोतिर नेपाल कम्युनिस्ट पार्टीलाई अघोषित प्रतिबन्ध लगाएको छ। सार्वजनिक रूपमा शान्तिपूर्ण कार्यक्रमहरू गर्न दिएको छैन। अहिलेसम्म राज्यले नेपाल कम्युनिस्ट पार्टीप्रति कुनै आधिकारिक धारणा सार्वजनिक गरेको छैन। यसो गरियो भने उक्त पार्टीका क्रियाकलापहरूलाई आपराधिक ठहर गर्न सकिन्छ भन्ने कुत्सित नियत राखेको स्पष्ट हुन्छ।

अहिले नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता तथा स्थायी समिति सदस्य खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड', पोलिटब्युरो सदस्यहरू पदम राई, उमा भुजेल, ओम पुन, कृष्ण धमला र मोहन कार्की, केन्द्रीय सदस्यहरू किरण राई, टेकबहादुर केसी, दीपेश राई, चन्द्रबहादुर खड्का र देवनारायण शाहहरूलाई गिरफ्तार गरेर प्रहरी हिरासतमा राखिएको छ। यसरी राखिएका नेता/कार्यकर्ताको गैरन्यायिक गिरफ्तारीका विरुद्ध अदालतमा पुनरावेदन गरिराखेका छन्। अदालतले सबैजसो गिरफ्तारीलाई गैरन्यायिक भन्दै तुरुन्त रिहा गर्ने आदेश दिइराखेको छ। तर केपी ओलीको पुलिस अदालत परिसरमा नै पुगेर नेताहरूलाई गिरफ्तार गरिराखेको छ। सबै नेता/कार्यकर्ताको हकमा नै यो प्रक्रिया दोहोरिराखेको छ।

प्रकाण्डलाई गत साउन २२ गते गिरफ्तार गरेर टेकुस्थित प्रहरी बिटमा राखेको थियो। गैरकानुनी रूपमा गिरफ्तार गरेको भन्दै उनका छोरा नरेन्द्र विश्वकर्माले सर्वोच्च अदालतमा पुनरावेदन हालेका थिए। सर्वोच्चले प्रकाण्डको गिरफ्तारी गैरकानुनी भएको भन्दै ससम्मान रिहा गर्न आदेश दिएको थियो। सर्वोच्चले रजिस्ट्रारको रोहवरमा प्रकाण्डलाई छाड्न निर्देशन दिएको थियो। त्यस दिन राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकले प्रकाण्डलाई सर्वोच्च अदालतबाट बाहिर ल्याउँदै थिए तर पुलिसले पाठकको गाडीबाट नै खोसेर काभ्रे लगेको थियो। त्यसपछि फेरि सर्वोच्च अदालतमा पुनरावेदन पर्‍यो। सर्वोच्च अदालतले पुनः छाड्नका लागि आदेश गर्‍यो। फेरि पनि पुलिसले सर्वोच्च अदालत परिसरबाट नै गिरफ्तार गरेर नुवाकोट लगेको थियो।

राज्यको यस्तो रबैयाबाट वाक्क भएर वकिलहरूको साझा सङ्गठन नेपाल बार एसोसिएसनको ४५ औँ केन्द्रीय कार्यकारिणी परिषद् तथा वार्षिक साधारणसभा बैठकले यही भदौ ९ गते सार्वजनिक गरेको घोषणापत्र जारी गरेको थियो। उक्त घोषणापत्रको बुँदा नं.५.३ ले कडा शब्दमा विरोध मात्र गरेन, राज्यलाई चेतावनी पनि दिएको छ। उक्त बुँदामा भनिएको छ, 'संविधानले सुनिश्चित गरेको स्वतन्त्रताको अधिकारको विपरीत व्यक्तिलाई गैरकानुनी थुनामा राख्ने, त्यस्तो थुनालाई सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरणको आदेशमार्फत थुनामुक्त गर्न दिएको आदेशपश्चात् पनि बन्दीलाई अदालतकै परिसरबाट पुनः हिरासतमा लिने, झूट्टा मुद्दा सिर्जना गरी पुनः गैरकानुनी थुनामा राख्ने गरी राज्यका तर्फबाट भइरहेका कामकारबाहीप्रति यो परिषद् बैठकको गम्भीर ध्यानाकर्षण भएको छ। अदालतको आदेशसमेत नमान्ने प्रवृत्तिले लोकतन्त्रको खिल्ली उडाएको छ भने स्वयम् संवैधानिक व्यवस्था र स्वतन्त्र न्यायालयको गरिमामा समेत ठेस पुग्न गएको छ।' बार एसोसिएसनको उक्त निर्णय सराहनीय रहेको छ।

तर राज्यले आफ्नो रबैया छाडेको छैन। उसले फेरि पनि प्रकाण्डलाई नुवाकोट अदालत परिसरबाट नै गिरफ्तार गरेर भोजपुर लगेको छ। मोहन कार्की र कृष्ण धमलालाई नुवाकोट पुर्‍याएको छ। पदम राई र ओम पुनलाई घुमाएको घुमायै छ। किरणलाई त यसअघि नै ६ वटा जिल्ला घुमाइसकेको छ।

यसरी एकातिर वार्ताको नाटक रचिराखेको छ यो सरकारले अर्कोतिर विभिन्न मुद्दा लगाएर नेता/कार्यकर्तालाई गिरफ्तार गर्ने, उनीहरूकै अदालतले रिहा गर्न आदेश गर्दा पनि अर्को झूट्टो मुद्दा बनाएर एक जिल्लाबाट अर्को जिल्लामा अपहरणशैलीमा घुमाइराख्ने गरेको छ। यो राज्यले गरेको यस्तो रबैया विश्वका कुनै पनि आन्दोलन वा सङ्घर्षमा त्यहाँका शासक/प्रशासकहरूले गरेका छैनन्। राज्यको यस्तो क्रियाकलापको चौतर्फी विरोध भैराखेको छ। त्यसैले नेपालका वामपन्थी, देशभक्त शक्ति मात्र नभएर स्वतन्त्र बुद्धिजीवीहरूले यो त अति भयो भनिराखेका छन्।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# बिमस्टेक : मोदी डक्ट्रिन

**मोदीले १४ गते सम्मेलनलाई सम्बोधन गर्दैगर्दा जे अभिव्यक्ति दिएका थिए त्यो नेपाल र नेपालीको मानमर्दन गर्ने खालको त थियो नै साथै सिङ्गो बिमस्टेक देशहरूलाई पनि पच्ने खालको थिएन। उनले भनेका थिए, ....बिमस्टेक राष्ट्रका सेनाबीच हुन लागेको संयुक्त सैनिक अभ्यासको स्वागत गर्न चाहन्छु।' साथै उनले ....सैन्य अभ्याससँगै स्थल सेनाका प्रमुखबीच हुने बैठक फलदायी हुने विश्वास गरेको छु' पनि भन्न भ्याएका थिए।**



गुणराज लोहनी

### परिचय

दक्षिणएसिया र दक्षिण-पूर्वीएसियाका बङ्गलादेश, भारत, म्यान्मार, श्रीलङ्का, थाइल्यान्ड भुटान र नेपालसहितका साटवटा राष्ट्रहरू जनसङ्ख्या १ अर्ब ५० करोड र ३.५ ट्रिलियन डलर कुल गार्हस्थ उत्पादन भएका देशहरूको एउटा साझा अन्तर र्ष्ट्रिय सङ्गठन नै बिमस्टेक हो। ६ जुन १९९७ मा बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्याण्ड मात्र समावेश भएर बिस्ट–एक (BIST-EC) का नामबाट आर्थिक सहयोगका लागि मात्र भनेर बनाइएको उक्त सङ्गठनमा २२ डिसेम्बर १९९७ मा म्यान्मार मिसिएर बिमस्टेक बन्न पुगेको थियो। १९९८ मा नेपाल पर्यवेक्षक बनेको थियो भने फेब्रुअरी २००४ मा नेपाल र भुटान पूर्ण सदस्य बनेका थिए। जुलाई ३१, २००४ मा भएको पहिलो शिखर सम्मेलनमा बिमस्टेक अथवा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडी राष्ट्रको प्रयासले पूर्णता पाएको थियो।

### काठमाडौँको सम्मेलन

त्यही बिमस्टेकको चौथो शिखर सम्मेलन यही भदौ १४ र १५ गते काठमाडौँमा 'अर्थपूर्ण सम्मानजनक सहकार्य' को वाचा गर्दै सकिएको छ। तर काठमाडौँमा यो सम्मेलनको तयारीदेखि समापनको दोस्रो दिनसम्म यहाँका बासिन्दा खुसी हुनुभन्दा पनि बढी उकुसमुकुस, त्रास र यातनाको महसुस गरिराखेका थिए। काठमाडौँ महानगरभरिका भत्किएका बाटोहरू विदेशी पाहुनालाई देखाउनका लागि रातारात टालिएका थिए। ती टाटेपाटे टालाहरू पाहुना फर्कँदै गर्दा उक्किँदै पनि थिए। त्योबाहेक पाहुनाको सवारी चलाउँदा र कार्यक्रम गर्दैगर्दा दुई दिन काठमाडौँका सबै सडक पूरै अस्तव्यस्त रहेकाले आमनागरिक हिँडडुल गर्न सकिराखेका थिएनन् भने सुरक्षाका नाममा सडक यात्रीहरूलाई अनावश्यक खानतलासी गरिएको थियो। धरपकड गरिएको थियो। यस्तो लाग्थ्यो काठमाडौँमा कुनै कार्यक्रम भैराखेको छैन, तानाशाही बुटहरू बजारिएका छन्।

### मोदीको वरिपरि घुमेको सम्मेलन

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणमा जेजस्तो दृश्य, सोख र सान देख्न पाइन्थ्यो यसपालि झनै बढी तामझाम रहेको थियो। उनको सुरक्षाका लागि भनेर छुट्टै भारतीय सुरक्षा फौज नेपाल प्रवेश गरेको थियो। अन्य ५ देशका कुनै पनि प्रमुखले यसरी आफ्नो देशको ठूलो सङ्ख्यामा सुरक्षा फौज ल्याएका थिएनन्। यसप्रति नेपाल सरकारले कुनै सरोकार नै राखेन। मोदीले १४ गते सम्मेलनलाई सम्बोधन गर्दैगर्दा जे अभिव्यक्ति दिएका थिए त्यो नेपाल र नेपालीको मानमर्दन गर्ने खालको त थियो नै साथै सिङ्गो बिमस्टेक देशहरूलाई पनि पच्ने खालको थिएन। उनले भनेका थिए, 'बिमस्टेक राष्ट्रका सेनाबीच हुन लागेको संयुक्त सैनिक अभ्यासको स्वागत गर्न चाहन्छु।' साथै उनले 'सैन्य अभ्याससँगै स्थल सेनाका प्रमुखबीच हुने बैठक फलदायी हुने विश्वास गरेको छु' पनि भन्न भ्याएका थिए।

मोदीको यो भनाइले भारत बिमस्टेक देशहरूमा सैन्य हैकम कायम गर्न चाहन्छ र बिमस्टेकलाई जुन उद्देश्यसहित गठन गरिएको थियो- प्राविधिक र आर्थिक सहयोग, त्यो नभएर दक्षिणपूर्वी एसियामा सैन्य दबदबा कायम राखेर सदस्य देशहरूलाई आफ्नो हितमा प्रयोग गर्न चाहन्छ। त्यो उसको हितको चाहना भनेको चीन र पाकिस्तानको पछिल्लो सैन्यलगायत सबैखाले सामीप्यलाई चुनौती दिनु हो। उनले आफ्नो भनाइमा 'आतङ्कवादसँग नजुधेका कुनै देश नरहेको' भन्दै अमेरिकी भाषालाई आफ्नो मुखबाट दोहोर्‍याएका थिए। अङ्ग्रेजले भारत छाडेदेखि नै त्यहाँ क्षेत्रीय र जातीय मुक्ति आन्दोलन चलिरहेको छ भने क्रान्तिकारी कम्युनिस्ट आन्दोलन पनि निरन्तर चलिराखेको छ। यस्ता राष्ट्रिय र वर्गीय मुक्ति आन्दोलनहरूलाई अमेरिकाले आतङ्कवादी भन्दै आएको छ भने भारतले यी मुद्दाहरूलाई राजनीतिक रूपमा समाधान गर्ने चासोसम्म पनि नराखी आतङ्कवादको जामा लगाएर दमन गरिराखेको छ। उसको छिमेकी राष्ट्र पाकिस्तानसँग अगस्त १५, १९४७ देखि लगातार अन्त्यहीन द्वन्द्व चलिराखेको छ। आफ्नो देशमा देखापरेका यी समस्याहरूलाई लिएर अन्य देशमा चलिरहेका राष्ट्रिय र वर्गीय आन्दोलनहरूमाथि पनि समान दृष्टि रहोस् र दमनका लागि समान धारणा र व्यवहार होस् भन्ने भारत र मोदीको चाहना




यसपालिको सम्मेलनमा स्पष्टै प्रकट भएका थिए। उनका यी अभिव्यक्तिहरूले एकातिर चीन र पाकिस्तानलाई रणनीतिक रूपमा नै दक्षिण र दक्षिणपूर्वी एसियामा पूर्ण रूपले प्रवेश निषेध गर्ने योजना रहेको देखिन्छ भने नेपाललगायत देशमा आतङ्कवादका नाममा यहाँ चलिरहेका वर्गीय मुक्ति आन्दोलनहरूमाथि दमन गर्ने आशय प्रकट हुन्छ।

साथै उनले 'डिजिटल कनेक्टिभिटीका क्षेत्रमा भारत राष्ट्रिय ज्ञानको नेटवर्कमा श्रीलङ्का, भुटान र नेपाललाई साथ लिएर अगाडि बढ्ने' प्रतिबद्धता जनाएका थिए। उनको यो भनाइले प्रविधि र सूचनाप्रविधिलाई आफ्नो छाताभित्र राख्ने योजना प्रस्तुत गरेका थिए। साथै सन् २०२० को अगस्टमा भारतमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन गर्ने कुरा पनि घुसाइहालेका थिए। सम्मेलनको भोलिपल्ट पशुपति दर्शनमा जाँदै गर्दा उनले 'गौतमलाई नेपालले जन्माएको तर बुद्धलाई भारतको गयाले जन्माएको' भन्न भ्याएका थिए। यसरी भारतले बुद्ध भारतमा जन्मिएको भन्ने गर्दै आएको दाबीलाई मोदीले आफ्नै मुखबाट नै ओकलेका थिए। उनको यो भनाइले भारतले गौतम बुद्ध भारतमा जन्मिएका हुन् भन्ने उसको तर्कलाई वैधानिकता दिन खोजिराखेको छ। बिमस्टेकमा आएर मोदीले गरेको एउटा कुरा यो हो।

### सार्क र बिमस्टेक

बिमस्टेकको स्थापना भएको ठीक १२ वर्षअघि अर्थात् सन् १९८५ डिसेम्बर ८ मा बङ्गलादेशको ढाकामा दक्षिणएसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना भएको थियो। सार्कमा सुरुमा नेपाल, भारत, भुटान, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का र मालदिभ्स सदस्य रहेका थिए। पछि त्यसमा अफगानिस्थान पनि थपिएको थियो। चीन पनि उक्त सङ्गठनको सदस्य हुन उत्सुक थियो तर भारतका कारण चीनले सदस्यता पाएन। सार्कको १९ औँ शिखर सम्मेलन पाकिस्तानको इस्लामाबादमा १५ र १६ नोभेम्बर २०१६ मा हुने तालिका थियो थियो। भारतलगायत अफगानिस्तान, भुटान, बङ्गलादेश, श्रीलङ्का र मालदिभ्सले २०१६ को युरी आक्रमणको निहुँ बनाएर उक्त सम्मेलनमा भाग नलिएका कारण अहिलेसम्म भैराखेको छैन। सबै संरचना बनिसकेका र दक्षिणएसियामा एक प्रकारको प्रभाव छाडिसकेको सार्कलाई अहिले भारतको नियतमा पूर्ण रूपले निष्क्रिय बनाइएको छ। यति मात्र होइन, भारतकै कारणले इस्लामाबादमा स्थापना गरिएको सार्क इनर्जी सेन्टरलाई बेकाम बनाइएको छ। यो बिमस्टेकलाई त्यही सार्कको ठाउँमा भारतको चाहनामा उभ्याइएको छ।

बिमस्टेक स्थापना हुँदै गर्दा चीनको आर्थिक अवस्था त्यत्ति राम्रो थिएन। मूल रूपमा चीनलाई आर्थिक, राजनीतिक र रणनीतिक घेराबन्दी गरी भारतीय दादागिरी कायम राख्ने कुत्सित उद्देश्यका साथ बिमस्टेकको स्थापना गरिएको थियो। बीचमा यो त्यति सक्रिय हुन सकेन। जब अमेरिकी योजनामा म्यान्मारमा राजनीतिक परिवर्तन भयो तब चीनको पक्षधरता लिइरहन नसक्ने देशहरूलाई आफ्नो छाताभित्र राख्ने हैसियतसहित भारतले बिमस्टेकलाई सक्रिय बनाएको थियो।

मोदीले आफ्नो भाषणमा धेरै कुरा बोलेका थिए। उनले 'बङ्गालको खाडी क्षेत्रमा कला, संस्कृति, सामुद्रिक कानुनलगायत विषयमा अध्ययनका लागि नालन्दा विश्वविद्यालयमा सेन्टर फर बे अफ बङ्गाल' स्थापना गर्ने बताएका थिए। उनले 'आतङ्कवादलगायतलाई नश्लीय पदार्थ भएकाले यसका विषयमा कार्ययोजना बनाएर' दबाब दिएका थिए। यी तथ्यहरूले अहिले भएको बिमस्टेक सम्मेलनमा भारत हाबी मात्र भएन, मोदी डक्ट्रिन लागू भएको स्पष्ट नै छ। उक्त कुरा १८ बुँदे घोषणापत्रको बुँदा ४ मा उल्लेख गरिएको 'बिमस्टेक राष्ट्रहरूसमेत विश्वको जुनसुकै कुनामा भएको आतङ्कवादी हमलाको भर्त्सना गर्छौं। आतङ्कवादविरोधी लडाइँमा आतङ्कवादी, सङ्गठन तथा सञ्जाललाई मात्र होइन, तिनलाई प्रोत्साहित गर्ने, समर्थन गर्ने, लगानी गर्ने र तिनलाई शरण दिने राष्ट्र वा गैरराष्ट्रिय तत्वको पनि पहिचान गर्ने उत्तरदायी बनाउने कुरा दृढतापूर्वक व्यक्त गर्छौं। आतङ्कवादसँग लड्न कडा प्रतिबद्धता पुनः दोहोर्‍याउन चाहन्छौँ' ले प्रस्ट पार्दछ।

तयारीका लागि भनेर ४ करोडभन्दा बढी सडक शृङ्गारमा खर्च गरिएको यो सम्मेलनले यस क्षेत्रका जनता र राष्ट्रका लागि भनेर नयाँ कुनै निर्णय गर्न सकेन। पुनर्निर्माण, सफाइ गरेको रातो कार्पेट ओछ्याइएको सडकमा टेकेर नेपाल प्रवेश गर्दैगर्दा मोदीले भारतका प्रगतिशील लेखक, साहित्यकार तथा पत्रकारहरू बरबर राव, गौतम नौलखालगायतलाई गिरफ्तार र घरमा नै नजरबन्द गरेका थिए। यहाँ पनि केपी–पीके सरकारले नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्यसहित १० जना केन्द्रीय नेताहरूलाई गिरफ्तार गरेर मोदी डक्ट्रिनको निर्देशन पालना गरेका थिए। एकै प्रकारका तर फरक देशका शासकहरूले गरेको क्रियाकलापले हस्ताक्षरका बुँदा ४ जन्माएको सहजै महसुस गर्न सकिन्छ।

साथै अहिले जति पनि देश बिमस्टेकमा रहेका छन् कुनै समयमा यी देशहरूले असंलग्न परराष्ट्र नीतिको वकालत गर्दथे। त्यही असंलग्न परराष्ट्र नीतिलाई कुल्चिएर मोदीले आह्वान गरेको भदौ २५ गतेदेखिको संयुक्त सैन्य तालिमको नेपालका पूर्वसुरक्षा अधिकृत, नोकरशाह र कूटनीतिज्ञहरूले समेत विरोध गरिराखेका छन्। यसको विश्व-राजनीतिमा निकै ठूलो असर मात्र होइन, युद्धको मुखमा रहेको विश्वलाई सायद मलजल गर्नेछ। विश्वमा मात्र नभएर एसियामा रहेको परम्परागत शक्ति सन्तुलन भत्किन पुग्छ। यस क्षेत्रमा रहेका आसियान, सार्कजस्ता सङ्गठनहरू नाकाम हुन पुग्दैछन्। आफ्नो देशभित्र रहेका अन्तरविरोधहरू समाधान गर्नुको साटो यस क्षेत्रका पछिल्ला साम्राज्यवादीले बाह्य अन्तरविरोध उत्पन्न गरी लुटको स्वर्ग कायम राख्ने खेल खेलिरहेका छन्। त्यही खेलका किनाराका साक्षी नेपालजस्ता देशका शासकहरू बनिरहेका छन्। यसरी भारतले आफ्नो अनुकूलता र सहजताका लागि तयार पारेको १८ बुँदेमा हस्ताक्षर गरेर बिमस्टेक सदस्य राष्ट्रका प्रमुखहरू नेपालमा तीर्थाटन गरेर फर्किएका छन्। त्यसैले उनीहरूका लागि यो शिखर सम्मेलन 'पशुपतिको जात्रा, सिद्राको व्यापार' जस्तो मात्र भएको छ।

पृष्ठ १ बाट क्रमशः ...

# राज्यको दमन र प्रचारबारे हाम्रो दृष्टिकोण

छ। यो उसले भनेजस्तो ज्यान लिन खोजेको सत्य नभएर राज्यले क्रान्तिको घाँटी कलिलो अवस्थामा नै निमोठ्ने कल्पना गरेको मात्र हो। बरु बहिष्कार अभियानमाथि दमन गरेर दुईजना कमरेडहरूको ज्यान त त्यसबेलाको प्रचण्ड सरकारले लिएको हो नि ! हामीले ज्यान लिन नै चाहेका हुन्थ्यौँ भने कुनै पनि तागतले हाम्रो उद्देश्यलाई रोक्नसक्ने अवस्था थिएन। सायद यो सत्य सबैलाई थाहा पनि छ। तसर्थ केपी–प्रचण्ड सरकारले लगाएको यो आरोप सत्य नभएर क्रान्तिकारीमाथि दमन गर्नका लागि बुनेको बनावटी मामिला मात्र हो।

दोस्रो तर्क उसले नेपाल कम्युनिस्ट पार्टीले बम पड्काएर देशैभरि आतङ्क मच्चाएको भन्ने प्रचार पनि गलत हो । यो निश्चित हो- हामीले केही समयदेखि दलाल, देशबेचुवा, भ्रष्ट, कमिसनखोर, तस्कर, व्यभिचारीहरूलाई भौतिक कारबाहीहरू गरिरहेका छौँ । उनीहरूको सम्पत्ति राष्ट्रियकरण गर्ने, उनीहरूबाट जनताको सम्पत्ति लुटेबापत क्षतिपूर्ति गराउने, उनीहरूको भ्रष्ट जीवनशैलीलाई भत्काउने कार्य गरिरहेका छौँ तर यसको उद्देश्य कतै पनि आतङ्क मच्चाउने नभएर राष्ट्रघाती, दलाल, भ्रष्ट, अपराधीहरूलाई उचित डण्ड दिने र जनतालाई न्याय दिने उद्देश्य छ । यो कुरा जनताबाट आमरूपले अनुमोदित र स्वीकृत छ। राज्यले यस्ता अपराधीहरूलाई कारबाही गर्नुको सट्टा उनीहरूबाट घूस लिएर उनीहरूलाई पुरस्कृत गर्ने र दोषमुक्त गर्ने जुन कार्य गरिएको छ त्यसलाई रोक्ने र अपराधीहरूलाई सजाय दिने अन्य कुनै बाटो नै छैन। हामीले गरेका यी कारबाहीप्रति कुनै पछुतो छैन र यसबापत दमनमा परिन्छ भने हाम्रो कुनै गुनासो छैन। तर यी घटनाबारे जसरी गलत तरिकाले प्रचार गरिएको छ त्यो सरासर गलत छ किनकि हामीले जनघाती तत्वहरूमाथि गरेको कारबाही हाम्रो विषय र स्वार्थको कुरा नभएर नेपाली जनताको ढुकुटी लुट्ने तत्वहरूबाट जनतालाई सुरक्षित गर्नका लागि गरिएका कारबाही हुन्। यी कारबाहीहरूलाई उग्रवादी र अतिवादी देख्नु भनेको राज्य भ्रष्ट, तस्कर, दलाल, सुदखोरहरूको रक्षा र स्वार्थपूर्ति गर्न चाहन्छ भन्ने मात्र साबित हुन्छ।

तेस्रो तर्क आर्थिक सङ्कलन गरेको भन्ने जुन प्रचार छ यो झन् पूराका पूरा बेइमानीपूर्ण र भ्रामक छ । के सत्य हो भने हाम्रो पार्टी बनेपछि हामीले उद्योगी-व्यवसायी, देशभक्त, प्रगतिशील, निर्माण-व्यवसायी, व्यापारी मित्रहरूबाट आर्थिक सहयोग सङ्कलन गर्दै आएका छौँ र सबैबाट हार्दिकताका साथ सहयोग पनि पाएका छौँ। हामीले सहयोगदाताहरूलाई बकाइदा सहयोग रसिद मात्र दिएका छैनौँ, पारदर्शी हिसाब राख्दै सम्मानसमेत गरेका छौँ । सम्भवतः नेपालका कुनै पनि पार्टीको भन्दा हाम्रो पार्टीसँग नै आर्थिक पारदर्शिता प्रस्ट छ। हामीले आर्थिक सङ्कलन, कोष निर्माण, वितरण र निकासा सबै विभागीय प्रणालीमा गरिरहेका छौँ । हामीले सहयोग रकमबाटै जनतालाई सहयोगदेखि करोडौँबराबरका नमुना कार्यहरू पनि व्यवस्थित प्रकारले सम्पन्न गरेका छौँ र निर्माण गरिरहेका छौँ। के कुनै पार्टीको यस्तो कार्य उल्लेख छ ? छैन जब कि आर्थिक सहयोगको कुरा गर्ने हो भने एमाले–माके, काङ्ग्रेस र अन्य पार्टीहरूले हामीले वर्षमा सङ्कलन गर्ने सहयोगबराबर त एकैजना नेताले सङ्कलन गर्ने गरेको छ। अर्कोतिर उनीहरूले राज्य र सरकारमा बसेर कराडौँ र अर्बौंबराबरको भ्रष्टाचार गरिरहेका छन् तर ती पार्टीमा के कुनै हिसाब छ ? के कुनै पार्टीले जनताबाट उठेको सहयोगलाई पारदर्शी गरेको छ ? किमार्थ छैन ! बरु चन्दा उठाएको पैसा पचाउन र बाँडफाँट गर्न मारामार हुँदै आएको छ। यी संसद्वादी पार्टीले आजसम्म अर्बौंबराबरको आर्थिक सहयोग सङ्कलन गरेका छन् । कतै त्यसको हिसाब छ र विरोध छ ? छैन ! अनि यी भ्रष्ट, लिच्चड, बदनाम तत्वहरूले हामीलाई चन्दा उठाएकोमा गिरफ्तार गर्ने आरोप लगाउन मिल्छ ? के यी तुच्छ तत्वहरूसँग त्यो नैतिक हैसियत छ ? कत्ति पनि छैन जनसमुदाय ! हामी त प्रस्ट छौँ क्रान्ति गर्न अग्रसर पार्टीले आर्थिक सहयोग गर्नु उसको नैसर्गिक अधिकार हो र जनताले पनि सहयोग गर्नु ऐतिहासिक जिम्मेवारी हो किनकि क्रान्ति हाम्रो स्वार्थको मात्र कुरा होइन, यो त जनता र देशको जीवनलाई परिवर्तन गर्ने अपूर्व साझा अभियान हो । अझ हाम्रो पार्टीको नेतृत्वमा नयाँ जनसत्ता बन्दै गएको छ र उसले जनताको सेवाकै लागि कर लिने अधिकार पनि राख्दछ।

वास्तवमा केपी–प्रचण्ड सरकारले हामीमाथिको दमनबारे जे कारणहरू पेस गरेको छ ती सही एवम् वास्तविक कारण होइनन् । वास्तविक कारण अर्कै छन्। ती कारणहरू निम्नरहेका छन्- पहिलो, उनीहरूले संसदीय व्यवस्थालाई सुदृढ गर्न खोज्नु र हामीले त्यसका विरुद्ध सङ्घर्ष गर्नु, दोस्रो, केपी–प्रचण्ड सरकार श्रमिक वर्गीय कम्युनिस्ट सरकार नभएर नामको कम्युनिस्ट, कामको दलाल पुँजीपति वर्गको संरक्षक सरकार हुनु, तेस्रो, केपी–प्रचण्ड सरकार विभिन्न साम्राज्यवादी शक्तिहरूको, विशेषतः भारतीय साम्राज्यवादको दलालमा परिणत हुनु र चौथो, नेपालमा क्रान्ति विकास हुँदै जानु तर केपी–प्रचण्ड क्रान्तिका विरुद्ध हुनु।

संसद्वादी दलहरू र तत्कालीन माओवादी पार्टीबीचमा शान्तिवार्ता सुरु भएपछि नै एमाले-काङ्ग्रेसहरूले माओवादीलाई भारतको सहयोगमा संसदीय व्यवस्थामा पतन गराउन चाहन्थे। प्रचण्डले केही समय पार्टीलाई ढाँटे पनि उनी भारतको चाकरमा गिर्दै गए र उसैको दबाबमा प्रचण्डले जनसत्ता, जनसेना, जनअदालतलगायत सबै जनयुद्धका उपलब्धिहरूलाई समाप्त पार्नेमा गए । त्यहीँबाट नै प्रचण्डसँग हाम्रो सङ्घर्ष चल्यो । उनी जनयुद्धलाई विसर्जन गर्दै दलाल पुँजीवादी संसदीय व्यवस्थामा विघटन हुन पुग्छन् भन्ने हाम्रो ठहर थियो र हामीले उनको आत्मसमर्पणवादविरुद्ध निर्मम सङ्घर्ष चलायौँ । पछि उनी भारतको तलुवा चाट्दै संसदीय व्यवस्थामा पतन हुन पुगेपछि हामीले पार्टी नै नयाँ पुनर्गठन गर्‍यौँ र दलाल पुँजीवादी संसदीय व्यवस्था स्वीकार नगर्ने दृष्टिकोण अगाडि सार्‍यौँ। जब संसदीय व्यवस्थाको संविधान बनाउँदै कथित चुनावहरू गर्न पुगे त्यसपछि तत्कालीन माओवादी केन्द्र नराम्रोसँग पछारिन पुग्यो । उसले आफ्नो सङ्कट टार्न जनयुद्धकालमा दुस्मन घोषणा गरेको एमालेमा विलीन हुन पुग्यो। एमाले आफ्नो रणनीतिमा सफल हुँदै प्रचण्डहरूलाई अजिङ्गरले पचाएजस्तै पचाउन पुग्यो । अहिले हामीमाथिको दमनको पहिलो कारण यही हो। एमाले–माके मिलेर चुनाव जितेपछि संसदीय व्यवस्था सुदृढ होला भन्ने जुन सोचाइ बनाएका थिए त्यो चुनावको समयदेखि नै हाम्रो पार्टीको प्रतिरोधद्वारा ध्वस्त भएको छ र नेपालमा संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थाको धार जोडदार रूपले अगाडि आएको छ। यसलाई केपी–प्रचण्डहरूले हेर्न पनि सकिरहेका छैनन् जसको कारण उनीहरूले हाम्रो पार्टीमाथि निर्लज्ज प्रकारले दमन गरिरहेका छन्।

दोस्रो कुरा, यहाँ केपी–प्रचण्डको सरकार बनेपछि कम्युनिस्टका विरुद्ध कम्युनिस्ट लडिरहेको जस्तो देखिए पनि यो सत्यभन्दा फरक छ । यहाँ केपी–प्रचण्ड सरकारको कुरा होइन, यो राज्यसत्ताको चरित्रको विषय हो। राज्य दलाल पुँजीपति वर्गको भइसकेपछि त्यसमा जो पुगे पनि उसको साधन बन्ने मात्र हो । आज केपी–प्रचण्ड बाहिर कम्युनिस्ट मानिए पनि र सरकार कम्युनिस्टहरूको जस्तो लागे पनि सत्य त्यस्तो होइन र छैन। आज सत्ता नेपालमा दलाल पुँजीपतिवर्गकै हातमा छ र केपी–प्रचण्डहरू दलाल पुँजीवादी सत्ताकै हतियार मात्र हुन् भने शान्तिप्रक्रियामा प्रचण्डवरिपरि एउटा जण्ड दलाल पुँजीपति वर्ग पैदा हुन पुगेको छ । त्यसैले केपी–प्रचण्डहरूलाई लपेटामा पारेको छ। उनीहरूले दलाल पुँजीपति वर्गको स्वार्थअनुरूप कामहरू गरिरहेका छन् र काम गर्न बाध्य छन्। उनीहरू दलाल पुँजीपतिका साधन बन्न पुगेपछि दलाल पुँजीपतिवर्गको हितमा जनताको मुक्तिको आवाज र स्वाधीनताको सङ्घर्ष अस्वीकार्य हुनु र यसप्रति दमनकारी बन्नु स्वाभाविक हुन्छ। यसलाई कसले के ठीक र के बेठीक भनेको छ भन्ने विषयमा सरोकार हुँदैन। उसलाई दलालहरूको राज्य चलाउनुपर्ने हुन्छ, त्यो दमनद्वारा मात्र सम्भव हुन्छ। त्यसैले केपी–प्रचण्डहरू दलाल राज्यसत्ताको विरोधी नेपाल कम्युनिस्ट पार्टीमाथि दमनकारी बनिरहेका छन्।

तेस्रो कारण केपी पहिलेदेखि नै भारतको नोकरका रूपमा बदनाम पात्र हुन् । विशेषतः महाकाली नदी भारतलाई दिनेमा निर्णायक भूमिका निर्वाह गरेपछि र उनले भारतसँग अनेकौँ साँठगाँठ गरेपछि त्यस स्तरमा उदाङ्गिएका थिए । तर पछि उनले बनावटी रूपमा भए पनि भारतीय नाकाबन्दीको समयमा राष्ट्रवादी नारा दिएर लोकप्रिय भए तर यो देखावटी मात्र थियो भन्ने कुरा आज आएर देशका नदीनाला पुनः सुम्पिँदै गएपछि स्पष्ट हुँदै गएको छ। आज आएर भारतको योजनामा अनेकौँ सम्झौताहरू गरेपछि उनी पुनः राष्ट्रघातीका रूपमा पतन हुँदै गएका छन्।

अर्कोतिर जनयुद्ध कालसम्म भारतविरोधी शक्ति र राष्ट्रिय स्वाधीनतावादीका रूपमा चिनिएका प्रचण्ड भित्री रूपमा त्यो थिएनन्। शान्तिकालमा आएपछि उनको आत्मसमर्पणवादी मुकुण्डो धुजाधुजा भयो भने पछिल्लो समयमा त केपीभन्दा पनि तल गिर्न पुगेका छन्। हाम्रो पार्टीले उनीहरूका यी राष्ट्रघाती सम्झौताहरूको व्यापक रूपमा भण्डाफोर गर्दै प्रतिरोध कारबाहीहरू सञ्चालन गरिरहेको छ । माथिल्लो कर्णाली, अरुण तीन, कोसी उच्चबाँध, विराटनगरको भारतीय गैरकानुनी कार्यालय, माथिल्लो मर्स्याङ्दी, बुटवलको जितगढी अतिक्रमणलगायत कार्यमाथि भएका कारबाही यसैका उदाहरण हुन् । राष्ट्रिय स्वाधीनताका सङ्घर्षहरू अगाडि बढेपछि साथै केपी–प्रचण्ड भारतको चाकरमा पतन हुन थालेपछि भारतकै इसारामा उनीहरूले राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई कमजोर पार्न हामीमाथि यो दमन चलाइरहेका छन्।

चौथो कुरा, यी सबै सङ्घर्षको केन्द्र भागमा हामीले नेपालमा दलाल पुँजीवादी राज्यसत्तालाई समाप्त पार्ने र वैज्ञानिक समाजवाद स्थापना गर्ने क्रान्ति अगाडि बढाएका छौँ भने केपी–प्रचण्ड सरकारले दलाल पुँजीवादी सत्तालाई संरक्षण गर्ने कार्य गरिरहेको छ। यसैको अन्तरविरोध नै केपी–प्रचण्ड सरकारको दमनको मुख्य कारण हो। केही समयसम्म नेपाली जनतालाई उनीहरूले आफूहरू कम्युनिस्ट नै भएको भ्रम दिन कोसिस गरे र अहिले पनि गरिरहेका छन् । वास्तविकतामा एमाले तीस वर्षअगाडि नै क्रान्तिकारी धाराबाट संशोधनवादी हुँदै प्रतिक्रान्तिकारी तत्वमा पतन भइसकेको पार्टी थियो जसबारेमा प्रचण्डले नै जनयुद्धको बेलामा ' प्रतिक्रियावादी, भारतको चुत्थो दलाल र पाले, क्रान्तिको गला रेट्ने दुस्मन (हेर्नुस् नेपाली कम्युनिस्ट आन्दोलन र जनक्रान्तिका ऐतिहासिक दस्ताबेजहरू, ग्रन्थ १) भनेर घोषणा गरिसकेका थिए । उसले क्रान्तिकारी धारामाथि दमन बर्साउनु स्वाभाविक नै थियो । पछि प्रचण्ड स्वयम् घोर दक्षिणपन्थी, संशोधनवादी हुँदै दलाल पुँजीवादी धारामा पतन हुन पुगेपछि उनी पनि क्रान्तिबाट भयभीत र त्रसित हुनुका साथै क्रान्तिमा दमनकारी बन्नु स्वाभाविक थियो। यता हाम्रो पार्टीले भने अहिले एमाले–माके (नेकपा) लाई दुस्मन घोषणा नगरे पनि यो दलाल पुँजीवादी राज्यसत्तालाई ध्वंस गर्ने र वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गर्ने क्रान्तिको नेतृत्व गरिरहेको छ। हामीमाथि दमन हुने वा नहुने कुराले यसलाई कुनै प्रभाव पार्दैन। जति नै दमन भए पनि दलाल पुँजीवादी सत्ताको प्रतिरोध गर्नु र क्रान्तिलाई सफलतापूर्वक अगाडि बढाउनु हाम्रो जिम्मेवारी हुन्छ र हामी त्यसै गरिरहेका छौँ। दलाल पुँजीवादी सत्ताको दमन, हाम्रो प्रतिरोध साथै हाम्रो प्रतिरोध र केपी–प्रचण्डको दमन यसैको प्रतिबिम्ब हो।

दमन र प्रतिरोध सङ्घर्ष अगाडि बढेपछि साथै यो चर्केर माथि पुग्ने स्पष्ट देखिएपछि आम श्रमिक जनताले सरकारको विरोध गरिरहेका छन् । त्यति मात्र होइन, कम्युनिस्ट पार्टीहरू, देशभक्त शक्ति, लोकतान्त्रिक शक्ति, मानवअधिकारवादी संस्थाहरूले केपी–प्रचण्ड दमनको विरोध गरिरहेका छन्। सबैले राज्यको दमनलाई सीमा नाघेको भन्दै भण्डाफोर गरिरहेका छन् । विरोधपछि सरकारले कताकति वार्ताको प्रचार पनि गर्ने गरेको छ। मानिलिऊँ, सरकार वार्ता गर्न चाहन्छ तर नेपाल कम्युनिस्ट पार्टीले चाहिरहेको छैन। दमन गर्नु उसको बाध्यता हो। यो एकदमै गलत प्रचार हो। आफैँ दमन गर्ने, आतङ्क मच्चाउने र आफैँ वार्ताको हल्ला फैलाउनुमा कुनै तुक छैन। सरकारले हामीसँग राजनीतिक आचरण देखाउन चाहन्छ भने प्रथमतः सरकार हाम्रो पार्टीलाई प्रतिबन्ध लगाउँदै (अघोषित रूपले) यति चर्को दमनमा आउनुपर्ने कुनै कारण नै छैन । उसले दमन तुरुन्तै रोक्नुपर्छ र गिरफ्तार गरिएका कमरेड प्रकाण्डलगायत नेताहरूलाई तुरुन्त मुक्त गर्नुपर्छ। राजनीतिक विचार र आस्थाका आधारमा गरिएको दमनप्रति माफी माग्नुपर्छ । दोस्रो, सरकारले वार्ताको नाटक बन्द गरेर राजनीतिक स्वतन्त्रता, विचार स्वतन्त्रता र पार्टी स्वतन्त्रतालाई सुनिश्चित गर्नुपर्छ र नेपाल कम्युनिस्ट पार्टीका विचार र नीतिहरूलाई जनताका बीचमा राख्दा सुन्ने आँट गर्नुपर्छ । वैचारिक प्रतिस्पर्धामा अलिकति पनि आँट छ भने नेपाल कम्युनिस्ट पार्टीलाई खुला कार्यक्रमहरू गर्न र विचारहरूमा प्रतिस्पर्धा गर्ने हिम्मत गर्नुपर्छ। तेस्रो, पार्टीका विरुद्ध लगाइएका झूट्टा मुद्दाहरू खारेज गरिनुपर्छ र निर्वाध रूपले क्रान्तिकारी नेता-कार्यकर्ताहरूलाई जनताका बीचमा पुग्ने र वैचारिक राजनीतिक प्रतिस्पर्धा गर्ने छूट दिनुपर्छ। चौथो, विदेशी विशेषतः भारतीय साम्राज्यवादी तत्वका सामु घोर आत्मसमर्पण गर्दै गरिएका राष्ट्रघाती सम्झौताहरू खारेज गर्नुपर्छ र उसको गुलामीका लागि क्रान्तिकारी, देशभक्त, प्रगतिशील शक्तिहरूमाथिको दमन रोक्नुपर्छ । पाँचौँ, नेपाली श्रमिक वर्ग, जाति, समुदायमाथि भइरहेको विभेद, उत्पीडन, दमनको अन्त्य गर्दै जनताका अधिकार हरूलाई वास्तविक रूपमा सुनिश्चित गर्न तयार हुनुपर्छ। छैटौँ, नेपालमा दलाल पुँजीवादी राज्यसत्ता राख्ने वा वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्ने भन्ने राजनीतिक अधिकार पूर्ण रूपले नेपाली श्रमिक जनतामाथि निर्भर छ । जनताको यो अधिकार कुनै पनि बहानामा कुण्ठित गरिनु हुँदैन । जनताको अधिकार सुनिश्चित गर्न सरकार तयार हुनुपर्छ । यी कुराहरूप्रति बेवास्ता गर्दै हाम्रो पार्टीका बारेमा भएनभएका नितान्त झूट प्रचार गर्दै दमन गरिरहिन्छ भने केपी–प्रचण्डले बुझ्केकै हुनुपर्छ र बुझ्नुपर्छ- उनीहरूले भीषण प्रतिरोधको सामना गर्नुपर्नेछ । दमनबाट क्रान्ति रोकिएला वा समाप्त होला भन्ने कल्पना सपनामा पनि नदेखे हुन्छ । वैज्ञानिक समाजवादप्रतिको हाम्रो आदर्श र निष्ठासामु तिम्रो दमनको ध्वाँस त प्वाँखजति पनि गह्रुँगो छैन ! हाम्रो वैज्ञानिक समाजवादी क्रान्ति जनताको मनमा बसिसकेको आन्दोलन हो। आजसम्मका नेपाली क्रान्तिहरूमा बलिदान गर्ने सहिद परिवार, बेपत्ता योद्धाका परिवार, घाइते योद्धा र क्रान्तिलाई हरतरहले सहयोग पुर्‍याउँदै आएका श्रमिक जनताले साथ दिएको आन्दोलन हो। त्यति मात्र होइन, सच्चा कम्युनिस्ट, देशभक्त, प्रगतिशील र लोकतन्त्रवादी शक्तिहरूले पनि जायज ठान्दै समर्थन गरिरहेको आन्दोलन हो। यो एकपछि अर्को उचाइतिर उठिरहेको छ र सबै बाधा-अवरोधहरूलाई परास्त गर्दै अगाडि बढ्ने निश्चित छ । अन्ततः दलाल पुँजीवादी सत्ताको दमन होइन, श्रमिक वर्गको विद्रोह र क्रान्ति सफल हुनेछ। भूतपूर्व कम्युनिस्टहरू ! के मार्क्सवाद–लेनिनवाद–माओवादले दिएको वैज्ञानिक शिक्षा यही होइन त ? उसो भए दमनको विनाशकारी बाटोमा किन, वैज्ञानिक समाजवादको अनिवार्यतालाई स्वीकार गरौँ।

> “ वैचारिक प्रतिस्पर्धामा अलिकति पनि आँट छ भने नेपाल कम्युनिस्ट पार्टीलाई खुला कार्यक्रमहरू गर्न र विचारहरूमा प्रतिस्पर्धा गर्ने हिम्मत गर्नुपर्छ



## राज्यआतङ्क ...

कम्युनिस्ट सरकार नभएर नामको कम्युनिस्ट, कामको दलाल पुँजीपति वर्गको संरक्षक सरकार हुनु, तेस्रो, केपी–प्रचण्ड सरकार विभिन्न साम्राज्यवादी शक्तिहरूको, विशेषतः भारतीय साम्राज्यवादको दलालमा परिणत हुनु र चौथो, नेपालमा क्रान्ति विकास हुँदै जानु तर केपी–प्रचण्ड क्रान्तिका विरुद्ध हुनु।'

राज्यले यसरी गरिरहेको दमनका विरुद्ध नेपाल कम्युनिस्ट पार्टीले प्रतिरोध गरिरहेको र अझ गर्नुपर्ने उल्लेख गर्दै विप्लवले अघि भनेका छन्, 'हामीमाथि दमन हुने वा नहुने कुराले यसलाई कुनै प्रभाव पार्दैन । जति नै दमन भए पनि दलाल पुँजीवादी सत्ताको प्रतिरोध गर्नु र क्रान्तिलाई सफलतापूर्वक अगाडि बढाउनु हाम्रो जिम्मेवारी हुन्छ र हामी त्यसै गरिरहेका छौँ । दलाल पुँजीवादी सत्ताको दमन, हाम्रो प्रतिरोध साथै हाम्रो प्रतिरोध र केपी–प्रचण्डको दमन यसैको प्रतिबिम्ब हो।'

अहिले राज्यले वार्ताका लागि गरिएको भनिएको आह्वानप्रति इङ्गित गर्दै विप्लवले भनेका छन्, 'आफैँ दमन गर्ने, आतङ्क मच्चाउने र आफैँ वार्ताको हल्ला फैलाउनुमा कुनै तुक छैन। सरकारले हामीसँग राजनीतिक आचरण देखाउन चाहन्छ भने प्रथमतः सरकार हाम्रो पार्टीलाई प्रतिबन्ध लगाउँदै (अघोषित रूपले) यति चर्को दमनमा आउनुपर्ने कुनै कारण नै छैन । उसले दमन तुरुन्तै रोक्नुपर्छ र गिरफ्तार गरिएका कमरेड प्रकाण्डलगायत नेताहरूलाई तुरुन्त मुक्त गर्नुपर्छ । राजनीतिक विचार र आस्थाका आधारमा गरिएको दमनप्रति माफी माग्नुपर्छ। दोस्रो, सरकारले वार्ताको नाटक बन्द गरेर राजनीतिक स्वतन्त्रता, विचार स्वतन्त्रता र पार्टी स्वतन्त्रतालाई सुनिश्चित गर्नुपर्छ र नेपाल कम्युनिस्ट पार्टीका विचार र नीतिहरूलाई जनताका बीचमा राख्दा सुन्ने आँट गर्नुपर्छ।'

## अभियान टोली ...

उक्त अभियान भव्य रूपमा चलिरहेको नेकपाले जनाएको छ । अभियानका क्रममा जिल्लाका सबै स्थानीय तहमा सङ्गठन सुदृढ तथा विस्तार गरिनुका साथै भ्रष्टाचार, कालोबजारी, महँगी, दलालीविरुद्ध पनि विशेष कदम चाल्ने योजना रहेको नेकपाले जनाएको छ। जिल्लालाई मदिरा निषेधित क्षेत्र घोषणा गरिएको र उक्त योजना कार्यान्वयन भएनभएको विषयमा अनुगमनसमेत गर्ने बताइएको छ। अभियान टोलीहरू जिल्लाका सहिद, बेपत्ता र घाइते परिवारलाई भेट्नुका साथै जनश्रममा सहभागी हुनेछन्।

यसैबीच नेकपाको अभियान चितवन र धादिङमा पनि चलिरहेको छ। यस्तै पूर्वका सिन्धुली, रामेछाप, काभ्रे, सिन्धुपाल्चोक, तराईका बारा, पर्सा, रौतहट, धनुषालगायत जिल्लाहरूमा पनि उक्त अभियान चलिरहेको छ।

यस्तै पश्चिमका रुकुम, रोल्पा, जाजरकोट, सुर्खेतलगायत जिल्लाहरूमा पनि उक्त अभियान चलिरहको छ । यस्तै रूपन्देही, अर्घाखाँची र नवलपरासीमा पनि अभियान सञ्चालन भैरहेको छ। नेकपाले सञ्चालन गरेको अभियानका क्रममा अभियान टोलीहरू जनताको घरदैलोमा गएर सभा, भेला, घरदैलो कार्यक्रमहरू गरिरहेका छन् । भदौ १ गतेदेखि देशैभर 'सङ्गठन सुदृढ तथा विस्तार अभियान' चलाइरहेको छ । अभियान राजनीतिक अभियान भए पनि कतिपय ठाउँमा प्रशासनले हस्तक्षेप गरेको भन्दै नेकपाले आपत्ति जनाएको छ।

## सर्वोच्चको आदेश ...

गम्भीर' लाई प्रहरीले गिरफ्तार गरेको छ। उनीहरूलाई पनि सोमबार दिउँसो सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको रिटउपर सुनुवाइ गर्दै रिहाको आदेश दिएको थियो। सर्वोच्चका न्यायाधीश डम्बरबहादुर शाही र शारदाप्रसाद घिमिरेको इजलासले साक्षीको रोहवरमा रिहाको आदेश गरेको हो । कार्की र धमलालाई नुवाकोट प्रहरीले गिरफ्तार गरेको हो। यसअघि उनीहरूलाई काभ्रेको प्रहरी हिरासतमा राखिएको थियो । उनीहरूलाई बाहेक नेकपाका अन्य तीन पोलिटब्युरो सदस्य, केन्द्रीय सदस्यहरू र अन्य नेता-कार्यकर्ताहरू देशैभर प्रहरी हिरासतमा छन्।

हालसम्म नेकपाका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रकाण्ड, पोलिटब्युरो सदस्यहरू पदम राई, उमा भुजेल, ओमप्रकाश पुन, मोहन कार्की, कृष्ण धमला, केन्द्रीय सदस्यहरू किरण राई, दीपेश राई, टेकबहादुर केसी, असल खड्का, देवनाराण शाहलगायत सयौँ नेता-कार्यकर्ता प्रहरी हिरासतमा रहेका छन्।

# कम्युनिस्ट अभिभारा


मोहलाल चन्द 'आधार'

**स्वाधीन राष्ट्र निर्माण र जनताको मुक्तिका लागि क्रान्ति अपरिहार्य शर्त र आवश्यकता हो भन्ने कुरा मात्र बुझेर आफू कम्युनिस्ट बन्ने र कम्युनिस्ट पार्टी निर्माणको महान् अभियानमा विशेषतः युवालगायत क्रान्तिप्रेमी र राष्ट्रप्रेमी सबै जुट्नु वर्तमानको माग हो।**

नेपाल सार्वभौम, स्वाधीन र स्वतन्त्र देश हो। यसका आफ्नै ऐतिहासिक, प्राकृतिक मूल्य र मान्यता छन्। नेपाल र नेपालीको आफ्नैपन र पहिचान छ। नेपाली प्रकृति र आदिवासीबीच ऐतिहासिक गौरवमय सामिप्यताको विरासत छ। नेपाली प्रकृतिले आदिवासी हुँदै नेपालीलाई हुर्काएको र नेपालीले आफू समीप प्रकृतिलाई आमातुल्य बुझेर स्याहार गरेको संस्कार छ। आफ्नै प्रकृतिका शैली, भेषभूषा, रीतिरिवाजलगायत पनहरू छन्। नेपालीको पहिचान नेपालबाहेक अर्थोकले हुनै सक्तैन। विश्व मानजजातिको एउटा विशिष्ट फूलबारी नेपाल हो भन्ने कुरामा दुईमत छैन। यस छटायुक्त फूलबारीमा रंगीचंगी वासनादार फूलहरू मगमगाइरहेका छन्। यसैले त नेपाली हुनुमा बेग्लै आनन्द छ। नेपाली प्रकृति विश्वकै अनुपम उदारहणीय नमुना छ र त नेपाली पौरखी, साहसी, धैर्यवान् र वैचारिक छन्। नेपालीको भावना विश्व मानवजातिमध्येकै उन्नत छ र त सिर्जित र आयातीत शोषण, सबै प्रकारका दोहनको सामना गर्न सामर्थ्यवान् छन्। हर-प्रकारका चुनौती र पीडाहरू पचाएर उज्यालो पस्किन हरेश नखानु नेपालीको विशेष गुणवेत्ता हो। यति मात्र कहाँ हो र, इतिहासको पाना पल्टाएर हेर्दा त्याग, तपस्या, बलिदानका कीर्तिमानहरू खडा भएका छन्। नेपाल र नेपाली अझै उन्नति, प्रगतिमा बेगवान् रूपमा कुद्न के कुराले दिएको छैन ? समस्याको पहिचान गर्न र निदानको उपाय सुल्झाउन नेपालीमध्येका उन्नत चेतना चानचुने कहाँ छन् र ! सामाजिक जीवनका सतत् मूल्य-मान्यता त सामान्य जीवनका दिनचर्या नै हुन्। तर, इतिहास र वर्तमानका राजनीतिक, आर्थिक, सांस्कृतिक, सामाजिकलगायतका विषयको गहन अध्ययन, मूल्याङ्कन, समीक्षा गरी सही र गलत, वैज्ञानिक र अवैज्ञानिक, जीवनशील र मरणशील, गतिशील र गतिहीन पक्ष राजनीतिक-वृत्तमा औंल्याइएको छ। साथै, भविष्यमा कस्तो प्रकारको राष्ट्र, कस्तो प्रकारको व्यवस्था हुँदा नेपाल र नेपालीको समस्याको वैज्ञानिक निकास होला ? भन्नेबारे मानचित्र कोरिएको छ। राजनीतिक विचारधाराको क्षेत्रमा हेर्दा पुँजीवादी र वैज्ञानिक समाजवादी अर्थात् संसद्वादी र क्रान्तिकारीबीच ठूलो टकराव देखिएको छ। पुँजीवादी अर्थात् संसद्वादी (कांग्रेस, संशोधनवादी कम्युनिस्ट, सामन्ती राजावादी) हरूले आमूल परिवर्तन गर्ने त कता हो कता, यो कुरा सुन्न पनि चाहँदैनन्। उनीहरूको एउटै स्वर छ- सत्ता, शान्ति, भोट र विकास। तर परिणाम- अराजकता, भ्रष्टाचार, लुटखसोट, तस्करी, गुन्डागर्दी, छाडापन, मनपरीतन्त्र, दलालीकरण, साम-दाम-दण्ड-भेद, शोषण र दोहन। कुलमा हेर्दा खानेकुरा र आचीको घोल अर्थात् यथास्थितिको पक्षपोषण। वैदेशिक शक्तिकेन्द्रहरूको अगाडि लम्पसार र तलुवाचाट संस्कृतिको खेती झट्ट हेर्दा सत्ता, शान्ति, भोट, विकास भन्ने कुरा राम्रै देखिन्छ। सामान्य मानिसले उन्नति, प्रगति, अमनचयनको आशा सजाएर अर्को विकल्प नदेख्दासम्म ग्रहण गर्छन् तर सपनाको महल खडा गरी चाटुकार संसद्वादी राज्य सञ्चालकहरूले भोट असुल्छन्। उनीहरू विश्वास नभएका कारण र डराएका कारण बन्दुक र प्रशासनको दुरुपयोग गर्न पनि पछि पर्दैनन्।

प्रति-त्रासमय अर्थात् श्वेतआतङ्क फैलाएर चुनावको महाजालमा सर्वसाधारणदेखि आसेपासे, आउरे, बाउरे, धुपौरेहरूको छाप लाउँछन्। विकासको साइनबोर्ड विज्ञापन शैलीमा खडा गर्दछन् तर भित्री उद्देश्य बेग्लै हुन्छ अर्थात् चुनावमा पोखिएको लगानी ब्याज, स्याजसहित असुल्नु। त्यसका लागि बिचौलियालाई पोस्नु, कानुन, प्रशासन, गुन्डालाई किन्नु र आफ्नो लगानी मुनाफासहित असुली गर्नु साथै, अर्को चुनावको लागि मनी-माइन्ड-मसलको गारेन्टी गर्नु। अब भन्नोस्, यो विकास हो कि विकार वा विनास ? राजनीतिक निकासबिनाको विकास वास्तविक अर्थमा डकार विकार हुँदै विनाससिवाय अरू केही पनि हुन सक्तैन। कमिसनतन्त्रको जन्म यसरी हुन जान्छ। भ्रष्टाचार यसरी अनिवार्य बन्न पुग्छ। गुन्डाखेती यसरी मौलाउँछ। कानुन, प्रशासनिक संयन्त्र यसरी सत्ता र शक्ति पक्षधर बन्न विवश हुन्छ। फेरि पनि सर्वसाधारण जनजीवन नुनिला आँसुका ढिका पिउँदै बिदेसिन बाध्य हुन्छन्। नेता, पार्टी, राजीतिलाई सत्तोसराप गर्दै समाज कचिङ्गलकै दिनचर्यामा फस्न र निम्छरो बन्न बाध्य हुन्छ। यस्तो अवस्थामा फसाइएको नागरिकले राष्ट्र, राष्ट्रियता, स्वाधीनता, जनमुक्तिबारे के नै सोच्ने फुर्सद पाउँछ र ! यसरी गरिन्छ राष्ट्र, राष्ट्रियताको लिलाम ! यसरी गरिन्छ, देश, जनताप्रति घात ! यसरी साबित गरिन्छ, जनतालाई भोट बैङ्क। वास्तविक अर्थमा नागरिक-जनता र राष्ट्र एक-अर्काका परिपूरक तत्व हुन्। राष्ट्र घर हो भने नागरिक परिवार। राष्ट्रियता पहिचान हो भने स्वाधीनता अस्तित्व र सामर्थ्य। यसका लागि पहिलो कुरा जनता मुक्त हुन जरुरी छ। जब मुक्त भइन्छ, उन्मुक्ति त राज्यले आफ्नो नागरिकलाई अनिवार्य व्यवस्था गर्नुपर्दछ। नागरिक जब अधिकार सम्पन्न बनेको अनुभूतिले लछप्पै हुन्छ, उन्मुक्तिको प्रतिफल नै विकास, उन्नति र प्रगति हुन पुग्दछ। जब जनअधिकारसहित विकास, उन्नति प्रगति हुन्छ, राष्ट्र सबल कहलिन्छ; तब न वैदेशिक हस्तक्षेप रोकिन्छ तर आजसम्मका सरकारले विभिन्न बहानाबाजी गरेर जनतालाई ललिपप खुवाएर राष्ट्रघात गर्ने गरेका छन्। यस विषयमा, दिल्लीको मागबमोजिम दिल्ली दरबारको अगाडि सिल्ली बनेर नदीनालालगायत नेपाली अस्मिता बिक्री गर्ने गरेका तमाम प्रमाण छन्। घोषित रूपमा भारतीय साम्राज्यवादकै स्वार्थसिद्ध हुनेखालले नेपालका सत्ताधारीहरू 'दक्षिणाय नमः' गर्दछन्। के यस्तो हर्कतले राष्ट्रिय स्वाधीनता बलियो बन्ला त ! कुरा गम्भीर छ। यसो हेर्‍यौं भने कथित सङ्घीयता पनि दुरुस्त भारतीय फोटोकपीजस्तै देखिन्छ।

निवर्गीय सङ्घीयता कति खतरनाक हुन्छ भन्ने कुरा पनि समयमै बुझिएन र विकल्प दिन सकिएन भने यसको परिणाम नेपाल फेरि पनि लिलिबिली पारेर लिलाम गर्नु र दलालहरूको रजाइँ चलाउनु, दलाल पुँजीवाद र सामाजिक दलाल पुँजीवादीको उर्बरभूमिमा परिणत गरेर नेपालीलाई केवल उपभोक्ता र सस्तो कामदारमा बदल्ने उद्देश्य बुझ्न कुनै आइतबार कुर्नु पर्दैन।

त्यस्तै राजनीतिक क्रान्ति पूरा भइसक्यो, अब आर्थिक क्रान्ति, समाजवाद भन्नेहरूले के जनअधिकारको ग्यारेन्टी गरिसके त ? कथित सङ्घ, प्रदेश र स्थानीय निर्वाचन जोरजबर्जस्त ढङ्गबाट जसोतसो सम्पन्न भयो। यसको केकति सकस पर्‍यो, संसदीय दलहरूलाई थाहा होला। समाजका भ्रष्ट, क्रान्तिका भगुवा र ठगुवालाई टेन्डरशैलीमा जिताइएको छ। हिजोसम्म कमिसन, घूस, २ हजार प्रतिशतसम्मको करको मार जनताकै थाप्लोमा बज्रँदैछ र चेत खुल्दैछ कि फलानोलाई जिताउनु गल्ती भएछ। तर यिनीहरूलाई कारबाही गरिदिनुर्‍यो भनेर गुहार मागेका समाचार छन्। जनमुक्ति अर्थात् जनअधिकार भनेको केवल भोट हाल्नु, सत्ता सरकारका जनविरोधी नीतिनियमका सामु निम्छरो बनेर मान्नु होइन। देशमा विभेद र शोषण, दोहन ज्यँका त्यूँ छ। असमानताको खाडल साँघुरिएको सम्म पनि छैन। यसर्थ यी यावत् समस्याको गुजुल्टोमा कुम्भकर्ण बनेर डकार्ने चरित्र साबित दलाल संसदीय व्यवस्थाको अवैज्ञानिक, सडेगलेको, प्रणालीलाई पूर्ण रूपले बदल्न नेपालमा एउटा साँचो अर्थको कम्युनिस्ट पार्टीको खाँचो छ। उसो त नेपालमा कम्युनिस्ट पार्टी नभएको भन्ने सवाल बिल्कुलै होइन। २००६ सालदेखि कम्युनिस्ट पार्टी बन्ने र बलिदान वा संशोधनवादमा पतन हुने, दुई लाइन सङ्घर्षपछि सम्बन्धविच्छेद हुनुपर्ने अवस्था आइलागेको कुरा इतिहासमा जगजाहेर छ।

सामान्य रूपमा हेर्दा फुट, विभाजनको नकारात्मक बुझाइले सर्वसाधारणमा अविश्वास पैदा गरेको छ। अझ गहिरिएर भन्नुपर्दा सहिद, बेपत्ता, परिवार, घाइते योद्धा, इमानदार, त्यागी कार्यकर्तामा गहिरो चोटसहित अविश्वास, आशङ्का पैदा गरेको छ। गैरकम्युनिस्टहरूले यही विषयलाई मसलाकै रूपमा उछालिरहेका छन्। अर्कोतिर ठूलठूला दुई लाइन सङ्घर्ष, अन्तर्सङ्घर्ष सञ्चालनको पीडासहित क्रान्तिकारी धाराले वर्गसङ्घर्षसहितको क्रान्तिलाई अगाडि बढाइरहेको अवस्था छ। मार्क्सवाद-लेनिनवाद-माओवादलाई दह्रोसँग पक्रेर मौलिक र वैज्ञानिक विचारको विकास गरिरहेको कुरा नै आजको उज्यालो पक्ष हो। २००६ सालमा क्रान्तिको उद्देश्यसहित कम्युनिस्ट पार्टीको गठन भयो, जुगेडी, हर्रेबर्रे आदि किसान आन्दोलन भए। यी क्रान्तिकारी कदम थिए। झापा आन्दोलन, सत्याग्रह, जनयुद्ध, १९ दिने जनआन्दोलन क्रान्तिका झनै विकसित रूप थिए। परिणामस्वरूप राजतन्त्र ढल्न पुग्यो। तर संसदीय व्यवस्था ढाल्ने कदमको सट्टा फेरि पनि क्रान्तिका नायकहरू भगुवावादको सिकार भए।

यी सारा घटना, परिघटना बेहोर्दै अहिले नेपालमा एकीकृत जनक्रान्तिको कार्यदिशा वर्गसङ्घर्षको मैदानमा प्रक्षेपण भइरहेको छ। नेतृत्व र कार्यदिशाको स्पिरिटले आशा र भरोसा पैदा गरेको छ। नेतृत्व, कार्यदिशा, कम्युनिस्ट पार्टी, मोर्चा, जनवर्गीय सङ्गठन यी विषय सामान्य नभएर यक्ष विषय हुन्। राजनीतिक विचारधारा, कार्यदिशामा संकेन्द्रित जब हुन पुग्छ, नेतृत्वको जन्म पनि त्यहीँबाट हुने गर्दछ र भयो पनि जस्तो एकीकृत जनक्रान्ति र विप्लव। यो कुरा सर्वसाधारणदेखि सबैको मुखमा झुन्डिरहेकै छ। एकीकृत जनक्रान्तिको कार्यदिशा वर्गसङ्घर्षमा अभिव्यक्ति हुँदा सत्ताधारी चिटचिटाहट अवस्थामा पुग्दैछ भने क्रान्तिकारीहरू र श्रमजीवीहरूमा झनझनाहट पैदा भइरहेको छ। ठीक यहीँनेर बुझ्नुपर्ने कुरा के हो भने कम्युनिस्ट क्रान्तिका लागि कम्युनिस्ट पार्टी अपरिहार्य हुन्छ। थबाङ आठौं महाधिवेशनले नेपाल कम्युनिस्ट पार्टीको जन्म दियो। के यति मात्र भनेर पुगिहाल्छ त ? अहँ ! उसो

*बाँकी पृष्ठ ७ मा*

# राज्य आतङ्कको बाटोमा ओली सरकार


विष्णु पन्त

अहिलेको सत्ताको ठेकेदारकै नियुक्ति पाएका छन् ओली र दाहालले। अहिले उनीहरूको दुईतिहाइको सत्तालाई हल्लाइदिने एउटै शक्ति छ, त्यो हो विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी। ठेकेदारहरूलाई भय र त्रास छ- यो क्रान्तिकारी शक्ति जुर्मुरायो भने दलाल संसदीय व्यवस्था ध्वस्त हुनेछ। उनीहरूलाई इतिहासको अनुभूतिबाट के पनि लागेको छ भने विप्लवसँग राजनीतिक र वैचारिक प्रतिस्पर्धा गर्न सकिँदैन जो विचारबाट स्खलित र विचलित छ ऊसँग नैतिक आत्मबल पनि हुँदैन। सबैलाई थाहा छ विप्लव एउटा जिउँदो र बल्दो इतिहास हो र ऊ आफ्नो लाइनबाट रत्तिभर पनि विचलित छैन। उसले नीतिगत रूपमा तीनवटा शक्तिसँग मिलेर भाबी सत्ता चलाउन चाहन्छ : ती शक्ति हुन्, क्रान्तिकारी वा प्रगतिशील शक्ति, राष्ट्रवादी शक्ति र सच्चा लोकतन्त्रवादी शक्ति। सायद नेपालको भविष्य यी तीनवटै शक्तिबीचको एकता, समझदारी र सहयात्रामा निर्भर गर्दछ। यी तीनवटै शक्तिमाथि अहिलेको सत्ताले हमला र आक्रमणको रणनीति अङ्गीकार गरेको छ। निष्ठा, आदर्श र समर्पणका आधारमा मात्र यी शक्तिहरू जनतामा स्थापित छन् र एउटा उज्यालो भविष्यका लागि आशा र भरोसाका केन्द्र बनेका छन्। राज्यले यी शक्तिहरूलाई अलगथलग, छिन्नभिन्न र भताभुङ्ग पार्न चाहन्छ। हाम्रा धेरै बुद्धिजीवी छन् जसले राज्यका हरेक गलत कदमहरूप्रति आक्रामक प्रहार गर्दछन्। हामीले देखेका छौं आज कति सच्चा लोकतन्त्रवादीहरूले प्रकाण्डलगायत नेता-कार्यकर्तामाथि राज्यद्वारा गरिएका फासिवादी कदमको घोर भर्त्सना गरेका छन्। कति राष्ट्रवादी शक्तिहरू आज विप्लव नेतृत्वको पार्टीमाथिको राज्यको दमन विदेशीहरूको इशारामा गरिएकाले विरोध गरिरहेका छन्। कहाँसम्म भने कतिपय सेना र प्रहरीका राष्ट्रवादी अधिकारीहरूले पनि सरकारको गैरराजनीतिक कदमप्रति असहमति जनाइरहेका छन्। खासगरी यो सरकारलाई जेलभित्रबाट हल्लाउन सफल भएका छन् प्रकाण्ड।

प्रस्ट छ- दुईतिहाइको दम्भ भए पनि ओली र दाहालले टेक्ने जग ज्यादै कमजोर र चर्किएको छ। सबै लोभीपापीहरूले भरिएको पार्टी हो सत्ताधारी नेकपा। त्यहाँ इमानदार र आदर्श व्यक्तिहरू सबै वाक्कदिक्क बनाइएका छन्। त्यहाँ क्षमता, प्रतिभा, योग्यता, त्याग र बलिदानको कुनै मूल्य छैन। त्यहाँ एकछत्र दलाल र माफियाहरूको राज छ। स्तुतिगान गाउने ओली र दाहाललाई जयजयकार गर्नेहरूको हुकुमी शासन छ। नयाँ जङ्गबहादुर शैलीमा आफूलाई उभ्याउन खोज्दैछन् ओली र दाहाल। भागबन्डामा उनीहरू मिलेका छन् र ओलीपछिको उत्तराधिकारी बन्ने आकाङ्क्षामा ओली र दाहालको एकता भएको छ। उनीहरू पार्टीभित्र अधिनायकवादी बन्दैछन् भने बाहिर फासिवादी। त्यहाँ बहस, तर्क र विचारको कुनै सुनुवाइ हुँदैन। हिटलरी शैलीमा निर्णयहरू गरी लादिन्छ। विरोध वा आलोचना गर्नेलाई निमोठ्ने वा सिध्याउने नियमजस्तै बनेको छ। त्यहाँभित्र भयानक उत्पीडन, अन्याय र शत्रुतापूर्ण निषेध छ जुन ज्यादै डरलाग्दो छ।

राष्ट्रियताको स्थिति ज्यादै सङ्कटग्रस्त बनाइँदैछ। पछिल्लो समयमा कथित बिमस्टेक सम्मेलनमार्फत संयुक्त सैन्य अभ्यास ज्यादै खतरनाक राष्ट्रघात बन्ने अवस्था छ। भारतको स्वार्थलाई केन्द्रमा राखेर चीन र पाकिस्तानलाई थ्रेट गर्ने गरी संयुक्त सैन्य अभ्यासको डिजाइन गरिएको हो। नेपालको असंलग्न परराष्ट्र नीतिलाई यो निर्णयले आघात गरेको छ। नेपाल चीन वा पाकिस्तानलाई विरोधी बन्नुपर्ने छ वा छैन ? हाम्रो परराष्ट्र नीति के हो ? हामी कसैलाई तर्साउने र कसैलाई उकास्ने हैसियतमा किन लाग्ने ? हामीले भारतको भित्री रणनीति चीन र पाकिस्तानलाई हान्ने प्रस्तावलाई किन स्वीकार गर्ने ? यी प्रश्नहरूको उत्तर जटिल छ। वरिष्ठ लेखक खगेन्द्र सङ्ग्रौलाले भनेजस्तै पाकिस्तान र चीनले पनि संयुक्त सैन्य अभ्यासको प्रस्ताव राखे ओलीले के गर्लान् ? सुनिन्छ, यसबारेमा चीनलाई आश्वस्त पार्न नारायणकाजी र प्रचण्डलाई चीन पठाइँदैछ। तर म चीन जाँदैछु है नरिसाउनु भन्दै प्रचण्ड पहिला भारत लागेका हुन्। जनताले बुझिसकेका छन् प्रचण्ड र ओलीको यो कस्तो राष्ट्रियता ? के प्रधानमन्त्रीसँग जबाफ छ, भोलि चीन र पाकिस्तानले पनि संयुक्त सैन्य अभ्यासको प्रस्ताव राखे के गर्ने ? अमेरिका वा युरोपियन युनियनले प्रस्ताव राखे के गर्ने ? रसिया र जनगणतन्त्र कोरिया (उत्तरकोरिया) ले प्रस्ताव राखे के गर्ने ? यसले नेपालको कूटनीतिक सम्बन्ध वा परराष्ट्र नीतिलाई कतातिर लैजान्छ ? भारतीय प्रधानमन्त्री मोदीलाई खुसी पार्ने र सत्ता टिकाउने नाममा यति गम्भीर राष्ट्रघात गर्न मिल्छ ? अतः कुर्सीका लागि यिनीहरू देशै बेच्न पनि तयार छन्। देखिहालियो कुर्सीका लागि देशभित्रै नरसंहार गर्न र युद्ध चर्काउन पनि उद्यत छन्।

आज सच्चा लोकतन्त्रवादीहरूलाई त्यस्तै अलगथलग पारिँदैछ। लोकतान्त्रिक अधिकार सत्ताधारी वा शासकहरूका लागि मात्र हो कि जस्तो अभ्यास गरिँदैछ। मानवअधिकार र मौलिक हक पनि सत्ता समर्थकलाई मात्र हो भन्ने नजिर बसाल्न खोजिँदैछ। सरकारको आफ्नै अङ्ग सर्वोच्च अदालतलाई त नाङ्गो हस्तक्षेप गरिँदैछ। सर्वोच्चका फैसला र आदेशहरूलाई पनि आफ्नो अनुकूल भए मान्ने र प्रतिकूल भए नमान्ने वा अवज्ञा गर्ने कार्य हुँदैछ। बन्दी प्रत्यक्षीकरणजस्तो संवेदनशील रिटमा गरिएका आदेशहरूको बारम्बार उल्लङ्घन गरिएका छन्। अदालतले छाड्ने र फेरि अदालत परिसरबाटै नाङ्गो ढङ्गले बल प्रयोग गरेर गिरफ्तार गर्ने जस्ता घटिया कार्यले शासकहरूको भित्री इच्छा के छ भन्ने प्रस्ट भएको छ। सरकारमा बसुन्जेल उनीहरूलाई लाग्छ नै हामी अब आजीवन शासक हो र हामीले जे गरे पनि हुन्छ। आफ्नो अनुकूलतामा कानुन हिँड्नुपर्छ भन्ने उनीहरूको दम्भ छ। मेरो आदेशमा मात्र पृथ्वी घुम्छ भन्नेहरूलाई भन्नु नै के छ र ? लोकतान्त्रिक पद्धतिमा आफैँले बनाएका संविधान र कानुनले दिएका अधिकार उपभोग गर्ने अधिकार सबै नागरिकलाई समान हुन्छ। राज्य त विधिबाट चल्नुपर्छ, कुनै कुरा नियन्त्रण गर्नुपर्‍यो भने पनि विधि बनाएर मात्र चल्नुपर्छ। जथाभाबी चल्ने अराजक र सन्काहा शासकहरूलाई जनताको शक्तिद्वारा अपदस्थ गर्ने अधिकार हुन्छ। आज डाक्टरहरू, पत्रकारहरू आफ्नो पेसागत अधिकारमाथि हनन भयो भनेर आन्दोलित छन् तर यो सरकार सुन्नेवाला छैन। आज किसान, मजदुरहरू, कर्मचारीहरू आवाज उठाउँदैछन्, कुनै सुनुवाइ छैन। आमजनता कर र महँगीको मारबाट रन्थनिएका छन्, कोही सुन्नेवाला छैन। महिलाहरू बलात्कारीका घटनालाई पूर्ण रूपले हटाउनुपर्‍यो र वास्तविक बलात्कारी र हत्यारालाई कारबाही गर्नुपर्‍यो भनिरहेका छन् तर राज्य सुनिरहेको छैन। यस्तो लाग्छ कथित दुईतिहाइले प्रधानमन्त्री ओलीलाई सालिकजस्तो मात्र बनाइदिएको छ, न ऊ सुन्न सक्छ, न त देख्न। न उसमा मानवीय संवेदना छ, न त सहानुभूति। न ऊ हिँड्न सक्छ, न त घस्रिन नै। तर विदेशीहरूको चाप्लुसी गर्ने कुरामा, भ्रष्ट, तस्कर र माफियाहरूको संरक्षण गर्ने कुरामा भने ऊ सबैभन्दा चलायमान छ। जनतालाई गोली ठोक्न कति छिटो तम्सिएको ? तर खै जनताका आवाज सुन्न सकेको ?

सरकारका गृहमन्त्री रामबहादुर थापाले 'विप्लव समूह' र प्रकाण्डलाई अपराधीको संज्ञा दिएबाटै उनको हैसियत प्रस्टिन्छ। उनले विप्लवलाई सीके राउतसँग जोडेर बदनामी त गर्न खोजेका छन्। सरकारको दृष्टिमा विखण्डन गर्नेहरू मित्रशक्ति भए। बलात्कारी, हत्यारा, भ्रष्ट, तस्कर सबै मित्रशक्ति भए। ओली र प्रचण्डको सरकारले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई अपराधी र आतङ्ककारी शक्ति भनेर लाञ्छना लगाउने भरमग्दुर प्रयत्न गर्‍यो तर दुनियाँले त्यसलाई उल्ट्याइदियो। प्रचण्ड आफैँले विप्लव नेतृत्वको नेकपालाई आतङ्ककारी भन्नेजस्तो कुचेष्टा गरे तर त्यो बिल्ला आफैँतिर फर्कियो। सरकार आफैँले सर्वत्र आतङ्क मात्र उत्पन्न गर्दैछ। राज्यआतङ्कले आज सबैलाई आक्रोशित र तरङ्गित बनाएको छ। प्रचण्ड र बादलले प्रकाण्डलाई चन्दा असुलीको आरोपमा मुद्दा लगाउन मिल्छ ? एउटा पत्रिकाले ठिकै गरेछ, बादल आईजीपीको भूमिकामा। हुनत विचरा आईजीपीको अपमान पनि होला। बादलले प्रकाण्डलाई हतकडी लगाउने, शिलुलाई थुन्ने। जीवन्त, पदम राई, ओम पुनलगायत थुप्रै केन्द्रीय सदस्यहरूलाई जेल हाल्ने र झूट्टा मुद्दा खोज्दै जिल्लाजिल्ला चहार्ने। आईजीपीको भूमिकामा बादल, गृहमन्त्रीको भूमिकामा प्रचण्ड, प्रधानमन्त्री भन्नै परेन। प्रधानमन्त्री भने पनि मुख्यमन्त्री भने पनि ओली महाराज छँदैछन्।

कथित वाम सरकारले मध्यम वर्ग र निम्न वर्गलाई बाँच्नै नसक्ने गरी आक्रमण गर्दैछ। बाघले मिर्गलाई लखेटेजस्तै श्रमजीवी वर्गलाई लखेट्दैछ। राष्ट्रिय पुँजीपति वर्गलाई पूरै आत्महत्या गर्ने अवस्थामा पुर्‍याएको छ। अतः सरकारले सबै क्षेत्रलाई रुष्ट र आक्रोशित बनाउँदैछ। आज सरकारका पक्षमा केही मुठीभर दलाल माफियाहरूको नवधनाढ्य वर्ग मात्र देखिएका छन् जो यही सरकारको पालामा रातारात धनी बन्ने मौका पाएका छन्। राजनीतिको आडमा सत्ता र सरकारको आडमा अनि प्रधानमन्त्री र मन्त्रीको आडमा रातारात करोडौं-अर्बौं कुम्ल्याउनेहरू सरकार बचाऊ अभियानमा लागेका छन्। सरकारका

*बाँकी पृष्ठ ७ मा*

# साम्राज्यवादी मुलुकहरूमा समाजवादी क्रान्तिको सम्भावना



धर्मेन्द्र बास्तोला

वर्तमान विश्व व्यवस्थाभित्र साम्राज्यवादी मुलुकहरूमा क्रान्ति सम्भव छ किछैन भन्ने विषयमा कमै बहस चलेको पाइन्छ। विश्वक्रान्तिको खाकासँगै तेस्रो विश्वमाहुने क्रान्तिका विषयमा घनीभूत अध्ययन हुँदै आएको छ तर लेनिनको नेतृत्वमा रुसमासम्पन्न अक्टोबर क्रान्तिपछि साम्राज्यवादी मुलुकहरूमा हुने क्रान्तिका सन्दर्भमात्यति चर्चा हुन पाएको छैन । खासगरी सर्वहारावर्गका महान् दार्शनिक माओलेभनेझैं तत्कालीन परिस्थितिको मूल्याङ्कन गर्दै क्रान्तिका तुफानी केन्द्र एसिया, अफ्रिकातथा ल्याटिन अमेरिकाका देशहरू बनेका छन्। साम्राज्यवादी मुलुकका सर्वहारावर्गमासमेत एक प्रकारको मनोवैज्ञानिक अवधारणा पैदा भएको पाइन्छ- क्रान्तिका तुफानीकेन्द्रहरू तेस्रो विश्वका मुलुकहरू हुन् र साम्राज्यवादी मुलुकहरूमा त्यसप्रकारकोसम्भावना कम हुन सक्दछ । त्यसकारण पनि हुन सक्दछ साम्राज्यवादी मुलुकहरूमारहेका क्रान्तिकारीहरूका लागि तत्कालका हिसाबले क्रान्तिको प्रश्न जल्दोबल्दो प्रश्नहुन सकेको देखिँदैन।

अहिलेको विश्वमा साम्राज्यवादी मुलुकहरूभित्र केही माओवादी पार्टीहरूविद्यमान छन् जो खासगरी अमेरिकामा क्रान्तिकारी कम्युनिस्ट पार्टी संयुक्त राज्यअमेरिका (आरसीपी यूएसए), क्यानाडामा आरसीपी क्यानाडा, इटलीमा माओवादीकम्युनिस्ट पार्टी इटली हुन् र जर्मनी, फ्रान्स, स्पेन तथा बेलायत गरी केहीमुलुकमा केही माओवादी क्रान्तिकारी सङ्गठनहरू रहेका छन् तर ती माओवादीपार्टी एवम् सङ्गठनहरूले साम्राज्यवादी मुलुकहरूभित्र हुने क्रान्तिको खाकाकासन्दर्भमा मार्क्सवादी-लेनिनवादी-माओवादी विज्ञान र मान्यताका आधारमा प्रस्ट चित्रदिन सकेको देखिँदैन। यसबाट पनि स्पष्ट हुन्छ- साम्राज्यवादी मुलुकहरूमा हुनेक्रान्तिका सन्दर्भमा कमै मात्र चर्चा हुने गरेको छ। सबैमा राम्रो जानकारी भएकोविषय हो, साम्राज्यवादी रुसभित्र समाजवादी क्रान्ति सम्पन्न गर्नका लागि लेनिनलेसैद्धान्तिक, राजनीतिक एवम् सङ्गठनात्मक हिसाबले अद्वितीय देन दिनुभएकोथियो। रुसी क्रान्ति सम्पन्न गर्ने क्रममा उहाँले मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादमाविकास गर्नुभएको थियो । त्यस्तैगरी चिनियाँ क्रान्ति सम्पन्न गर्नका लागि माओलेपनि त्यही प्रकारको देन दिनुभएको थियो । चिनियाँ क्रान्ति सम्पन्न गर्ने दौरानमामाओले मार्क्सवाद-लेनिनवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास गर्नुभएकोथियो। यसबाट पनि प्रस्ट हुन्छ, क्रान्तिको प्रक्रिया कति जटिल, कति गम्भीरहुन्छ र यसले कति भीषण मेहनतको माग गर्दछ। साम्राज्यवादी मुलुकमा रहेकाक्रान्तिकारीहरूबाट त्यसप्रकारको गम्भीर वैचारिक, राजनीतिक एवम् सङ्गठनात्मकसङ्घर्ष गरेको पाइँदैन ।साम्राज्यवादी मुलुकहरूभित्र रहेका माओवादी पार्टीहरूका आआफ्नै प्रकारकाराजनीतिक कार्यदिशा तथा फौजी रणनीति र कार्यनीतिहरू रहेको पाउँछौं । जस्तोकि आरसीपी अमेरिकाको विश्लेषणमा अमेरिकामा हुने क्रान्तिका सन्दर्भमा अहिलेकोतात्कालिक स्थितिमा क्रान्तिकारीहरूको कार्यभार क्रान्तिका लागि राजनीतिक तयारीगर्नु रहेको छ भने इटली र क्यानाडाका माओवादीका विश्लेषणमा दीर्घकालीनजनयुद्धका माध्यमबाट ती साम्राज्यवादी मुलुकहरूमा समाजवादी क्रान्ति सम्पन्न गर्नसकिन्छ भन्ने मान्यता रहेको छ। आरसीपी अमेरिकाले राजनीतिक तयारी यसकारणलेगर्न चाहेको कुरा बताउँछ- जब मुलुकमा क्रान्तिकारी सङ्कट पैदा हुन्छ तबत्यहाँको पार्टी तथा जनता राज्यसत्ता कब्जा गर्न र त्यसको नेतृत्व गर्न तयार हुनेछ।

ठीक त्यसैगरी इटली र क्यानाडाका माओवादी पार्टीहरूका सन्दर्भमा क्रान्तिकारीपरिस्थिति पैदा भएको सन्दर्भमा सत्ता प्राप्त गर्नका लागि आवश्यक शक्तिको निर्माणगर्नका लागि दीर्घकालीन जनयुद्धको विकास आवश्यक छ भन्ने रहेको छ । यहाँ ती पार्टीका राजनीतिक समझदारीहरू तथा उनीहरूका फौजी रणनीतिर कार्यनीतिका सन्दर्भमा भन्दा पनि साम्राज्यवादी मुलुकभित्र हुने क्रान्तिका सन्दर्भमाहामीलाई मालेमावादले कसरी प्रशिक्षित गरेको छ भन्नेबारेमा छोटो चर्चागरिनेछ । हामी साम्राज्यवादी मुलुकहरूभित्र हुने क्रान्तिका सन्दर्भमा कसरी बुझ्छौंभन्नेबारे सामान्य चर्चा गरिनेछ :चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभावका कारण क्रान्तिकारीआन्दोलनका दृष्टिले साम्राज्यवादी मुलुकहरूभित्र दुई प्रवृत्तिहरूको विकास भएकोपाइन्छ। पहिलो प्रवृत्ति बेल्जियम, जर्मनी तथा इटलीमा विकास भएको क्रान्तिकारीएक्सन ग्रुप (सीसीसी) तथा लालसेना हो । भूमिगत रूपले बेल्जियममा सङ्घर्षरतसीसीसी र जर्मनी तथा इटलीमा सङ्घर्षरत लालसेनाजस्ता सङ्गठनहरूले युरोपमासाम्राज्यवादका विरुद्ध सशस्त्र सङ्घर्ष गरेका थिए जसको नामले अहिले पनियुरोपेली शासकवर्गको सातो जान्छ।

त्यस्तैगरी अर्को प्रवृत्ति माओवादी शान्तिपूर्णक्रान्तिकारी आन्दोलन हो जो फ्रान्समा विकास भएको थियो । फ्रान्सका माओवादीक्रान्तिकारीहरूले शक्तिको प्रयोग गरिने क्रान्तिकारी आन्दोलनको विकास गर्नेभन्दापनि शान्तिपूर्ण आन्दोलनको प्रयोग गरेका थिए। महान् सर्वहारा सांस्कृतिक क्रान्तिकोउपज हुँदाहुँदै पनि यी दुई आन्दोलनहरूको मेल एक ठाउँमा हुन सकेको थिएनअथवा यसरी पनि भन्न सकिन्छ, यी दुई प्रवृत्तिहरू एकापसमा परिपूरक हुँदाहुँदैपनि यिनीहरूका बीचमा मेल हुन सकेको थिएन। जसको कारण ती मुलुकहरूमा यीदुवै प्रकारका आन्दोलनहरूको अहिले अवसान भइसकेकोछरअहिलेपनिमाओवादीक्रान्तिकारीहरूबाट गहिराइपूर्ण विश्लेषणबिना सीसीसी र लालसेनाको तीव्र विरोधगरिन्छ ।एकातिर युरोपका साम्राज्यवादी मुलुकहरूमा विकास भएका त्यसप्रकारकाप्रवृत्तिहरू र अर्कोतिर ती प्रवृत्तिहरूलाई विश्लेषण गर्ने अहिलेको दृष्टिकोणले एउटाप्रश्न जन्माउने गरेको छ- के साम्राज्यवादी मुलुकहरूमा समाजवादी क्रान्ति सम्भव छ? साम्राज्यवादी मुलुकहरूमा हुनुपर्ने क्रान्तिका सन्दर्भमा दुई मत अत्यन्तै महत्वपूर्णछन्। प्रथम, मार्क्स-एङ्गेल्सले क्रान्ति कस्तो अवस्थामा हुन सक्ला भन्ने विश्लेषणगर्ने सन्दर्भमा टिप्पणी गर्नुभएको थियो, पुँजीवादको विकासका हिसाबले सबैभन्दापहिले बेलायतमा समाजवादी क्रान्ति हुनेछ।

त्यस्तै दोस्रो मत लेनिनको लिन सकिन्छ । अमेरिकामा क्रान्ति हुन सक्छ कि सक्दैन भन्ने विषयमा विश्लेषण गर्दैलेनिनले भन्नुभएको थियो- अमेरिकी साम्राज्यवादी सत्ता भित्रभित्रै कति कुहिसकेकोछ भने यसलाई रद्दीको टोकरीमा फाल्नका लागि यो तयार भइसकेको छ। मार्क्स-एङ्गेल्सले टिप्पणी गरेको करिब डेढ शताब्दी भइसकेको छ र लेनिनले टिप्पणीगर्नुभएको करिब पौने एक शताब्दी हुन थालिसकेको छ तर न बेलायतमा समाजवादीक्रान्ति देखापर्दछ, न अमेरिकामा नै कुहिएको सत्तालाई रद्दीको टोकरीमा हाल्ने साहसकसैले गऱ्यो। बरु कतिपय क्रान्तिकारीहरूले तत्कालीन जनवादी समाजवादीहरूतथा आदर्शवादीहरूले झैं भन्न थालेका छन् मार्क्स-एङ्गेल्स तथा लेनिनलेबेलायत तथा अमेरिकामा हुने क्रान्तिका सन्दर्भमा बहुलट्ठीपूर्ण अभिव्यक्ति सार्वजनिकगर्नुभएको थियो । फलस्वरूप अहिलेका साम्राज्यवादी मुलुकमा क्रान्ति सम्पन्न गर्नेऐतिहासिक जिम्मेवारी प्राप्त गरेका क्रान्तिकारी पार्टीहरूले साम्राज्यवादी मुलुकहरूमासमाजवादी क्रान्ति अहिलेको तत्कालीन विषय हुन नसक्ने कुरा बताउँछन् र साम्राज्यवादी मुलुकहरूमा हुने समाजवादी क्रान्तिका सन्दर्भमा त्यति चर्चा भएकोपनि पाइँदैन ।नेपाली जनयुद्धको दौरान मालेमावादमा भएको विकास वैज्ञानिकदृष्टिकोणबाट विश्लेषण गर्ने हो भने साम्राज्यवादी मुलुकहरूमा क्रान्ति सम्पन्न गर्नकालागि वस्तुगत आधारहरू अहिले पनि विद्यमान देखिन्छन्।

हाम्रो विचारबाट हेर्दासाम्राज्यवादी मुलुकहरूमा आत्मगत आधार तयार गर्नु क्रान्तिकारीहरूको प्रमुखदायित्व हो तर मजाकको कुरा के छ भने साम्राज्यवादी मुलुकहरूमा क्रान्तिकारीआन्दोलन सङ्गठित गर्ने क्रान्तिकारीहरूको मत रहँदै आएको छ- साम्राज्यवादीमुलुकहरूमा आत्मगत अवस्था राम्रो रहँदै आएको छ तर वस्तुगत अवस्था तयार हुनसकेको छैन ।सैद्धान्तिक रूपले विश्लेषण गर्दा क्रान्ति हुनका लागि क्रान्तिकारी परिस्थितितयार हुनुपर्दछ । क्रान्तिकारी परिस्थितिको तयारीबिना कुनै पनि मुलुकमा क्रान्तिहुन सक्दैन। क्रान्तिकारी परिस्थिति भन्नाले दुई परिस्थितिको संयोग बुझिन्छ-आत्मगत तयारीको परिस्थिति र वस्तुगत तयारीको परिस्थिति । आत्मगत तयारीभन्नाले चिनियाँ क्रान्तिको सन्दर्भमा माओले विकास गर्नुभएको वैज्ञानिक संश्लेषणहो : एउटा क्रान्तिकारी पार्टी, त्यसको मातहतमा रहेको क्रान्तिकारी सेना र प्रमुखदुस्मनलाई ध्वस्त गर्न विभिन्न जनवर्गसँगको संयुक्त मोर्चा । त्यस्तै वस्तुगत तयारीकोकुरा गर्दा समाजमा बुर्जुवावर्गको शोषण-उत्पीडनका विरुद्धको जनताको असन्तोष,त्यसका विरुद्धको तीव्र सङ्घर्ष भन्ने कुराहरू आउँछन्। समग्रमा क्रान्तिकारीपरिस्थिति त्यो अवस्था हो जहाँ जनता पुरानो सत्तासँग बस्न सक्दैनन् जहाँ पुरानोसत्ता पुरानै तरिकाले सत्ता चलाउने अवस्थामा रहन सक्दैन, जहाँ क्रान्तिकारी पार्टीलेसङ्घर्षलाई पुरानै तरिकाले चलाउन पनि सक्दैन।

साम्राज्यवादले पैदा गरेकाआर्थिक, राजनीतिक, सामाजिक अराजकता र अस्थिरताका कारण यी परिस्थितिहरूइतिहासमा बारम्बार पैदा भइरहेका हुन्छन् तर आत्मगत परिस्थितिको तयारी राम्रोहुन सकेन भने हरेक क्रान्तिकारी परिस्थितिले क्रान्तिको जन्म दिन सक्दैन ।क्रान्ति सम्पन्न गर्नका लागि आवश्यक पर्ने आत्मगत तयारी र वस्तुगततयारीको आवश्यकता साम्राज्यवादी मुलुकहरूका लागि पनि सत्य हो। साम्राज्यवादकोसङ्कटले पैदा गरेको क्रान्तिकारी परिस्थितिलाई ठीक समयमा पक्रन सकिएन भनेआफैँमा क्रान्ति सम्पन्न हुन सक्दैन । त्यसकारण हरेक क्रान्तिकारी परिस्थितिलेअनिवार्य रूपमा क्रान्तिलाई जन्म दिन सक्तैन । त्यसकारण आज साम्राज्यवादीमुलुकहरूमा क्रान्ति सम्पन्न गर्नका लागि त्यहाँका क्रान्तिकारीहरूले आत्मगत परिस्थितिको तयारी गर्नु आवश्यक देखिन्छ ।अब प्रश्न उठ्छ, त्यसप्रकारको तयारी कसरी गर्न सकिन्छ ? के तेस्रो विश्वमाहुने क्रान्तिको प्रक्रियाबाट साम्राज्यवादी मुलुकहरूमा क्रान्ति सम्भव छ ? इटली रक्यानाडाका माओवादी पार्टीहरूले दीर्घकालीन जनयुद्धको कुरा गर्दा यो विषयमायथेष्ट ध्यान दिएको हुनुपर्छ तर पुँजीवादको विकास भइसकेका मुलुकहरूमा तेस्रोविश्वका मुलुकहरूमा झैं वा सामन्तवादी उत्पादन सम्बन्ध रहेका मुलुकहरूमा झैंक्रान्तिकारी आन्दोलनको विकास हुन सक्दैन। जसरी तेस्रो विश्वका मुलुकहरूमाहुने क्रान्तिको आधार माओले विकास गरेको दीर्घकालीन जनयुद्ध हुन्छ, साम्राज्यवादीमुलुकहरूमा हुने क्रान्तिको चरित्रको आधार पनि लेनिनले विकास गर्नुभएको आमसशस्त्र विद्रोह नै हुनेछ । तर अहिलेको विश्वमा चाहे त्यो पुँजीवादी मुलुक होस्वा सामन्ती उत्पादन सम्बन्ध भएको, ती मुलुकहरूमा पुरानै तरिकाले वा लेनिन रमाओले विकास गर्नुभएका फौजी रणनीतिहरूले मात्र क्रान्ति सम्भव देखिँदैन।

(बाँकी अर्को अङ्कमा)

# भारत र नेपालमा संस्कृतिकर्मीमाथिको दमनको विरोध

■ **रातो खबर संवाददाता**/काठमाडौं

मोदी फासिवादले भारतका बहुचर्चित ५ जना बुद्धिजीवीलाई यही अगस्त २८ मा हिरासतमा लिएको छ । उक्त घटनाविरुद्ध नेपाल र भारतका बौद्धिकहरूसमेत आन्दोलित भएका छन्। भारतमा गिरफ्तार गरिएका अभियानकर्मीहरूमा मानवअधिकारकर्मी तथा वकिल सुधा भारद्वाज, सामाजिक अभियानकर्मी तथा लेखक वरनान गोन्जाल्विज, मार्क्सवादी विचारक तथा कवि बरबर राव, वकिल अरुण फरेरा र पत्रकार गौतम नवलखा छन्।

भारतका बहुचर्चित बुद्धिजीवी लेखक पत्रकार बरबर राव, गौतम नवलखा, सुधा भारद्वाज, अरुण फरेरा, वरनान गोन्जाल्विजको धरपकडको विरोध तथा उनीहरूको रिहाइलाई लिएर नेपालका लेखक, पत्रकार तथा वामपन्थी बुद्धिजीवीहरूले पनि विभिन्न माध्यममार्फत आफ्ना भनाइ सार्वजनिक गरेका छन्। यसरी व्यक्त गर्नेमा आख्यानकार तथा समालोचक डा. ऋषिराज बराल, कवि रोशन जनकपुरी, पत्रकार नरेन्द्रजङ्ग पिटरलगायत ३०० जना माओवादीनजिकका लेखक/पत्रकार छन्।

भारतमा दलित समुदायले सन् १८१८ को ऐतिहासिक घटनासित जोडेर हरेक वर्ष महाराष्ट्रको भिमा कोरेगाउँ भन्ने ठाउँमा विशेष कार्यक्रम गर्ने गरेका छन्। यसपल्ट पनि एल्गार परिषद्ले उक्त कार्यक्रम आयोजना गरेको थियो । तर हिन्दुवादी सङ्गठनले उक्त कार्यक्रम हुन नदिने र भएमा भाँड्ने भनेपछि घटनाले हिंसात्मक रूप लियो । दलित युवाहरूको हत्या भयो र अल्पसङ्ख्यकका घर र पसलहरू लुटिए । घटनाले निकै उग्र रूप लियो। सरकारले यसलाई माओवादीहरूको घुसपैठको आरोप पनि लगायो।

यसै क्रममा यही जुनमा पत्रकार, मानवअधिकारवादी, वकिलसमेत गरी ५ जना सामाजिक कार्यकर्तालाई उक्त घटनासित सम्बद्ध अभियोग लगाएर सरकारले पक्राउ गऱ्यो । यसमा पत्रकार तथा मानवअधिकारकर्मी रोना विल्सन पनि छन् । उनी आदिवासी क्षेत्रसित सम्बद्ध अध्येता पनि हुन्। सरकारले पक्राउका क्रममा महत्वपूर्ण कागजात हात पारेको र पक्राउ परेका एकजनाको ल्यापटपमा राजीव गान्धी शैलीमा मोदीको हत्या गर्न माओवादीले लेखेको चिठी फेलापरेको भनेर समाचार बाहिर ल्यायो । ५ जनालाई माओवादी सम्बद्ध 'सहरी नक्सल' भनेर प्रचार गऱ्यो र त्यसैअनुसारको अभियोग लगायो।

उक्त कलाहीन नाटकको परिपञ्चको बौद्धिक तथा मानवअधिकारवादी क्षेत्र साथै राजनीतिक वृत्तबाटसमेत व्यापक आलोचना र निन्दा भयो। जनताका सामु आफ्नो खस्कँदो स्थितिमाथि पर्दा हाल्न, जनतालाई आतङ्कमा राखेर सरकारका गलत क्रियाकलापबारे बोल्न नदिन र बोलेमा दमन गर्न गरिएको आयोजना भनेर यसको चौतर्फी निन्दा भयो । मोदी सरकारले विदेशी बहुराष्ट्रिय कम्पनीको स्वार्थमा यसो गरिरहेको छ र यसको सम्बन्ध आगामी चुनावसित पनि गाँसिएको छ भनेर पत्रपत्रिकाले समाचार बनाए । अरू त अरू काङ्ग्रेस आईले समेत मोदीको नाटकले लोकतन्त्रकै उपहास गऱ्यो भनेर धारणा व्यक्त गऱ्यो।

**अहिलेको धरपकड**

पछिल्ला दिनमा मोदी फासिवादले सहर र गाउँ दुवै क्षेत्रमा राज्यआतङ्क तीव्र बनाएको छ । अप्रेसन ग्रिनहन्टको दोस्रो चरण भन्दै उसले 'माओवादी सखाप अभियान' चलायो र माओवादीलाई गाउँमा पालनपोषण गर्ने आदिवासी गाउँलेहरू हुन् भन्दै गाउँलेमाथि दमन गरेर सेल्टरविहीन बनाउने नाममा ग्रामीण क्षेत्रमा दमन तीव्र बनायो । गाडचिरोली र पत्थरगढीमा भएको पछिल्लो नरसंहार यसैको उदाहरण थियो। त्यहाँ भएका दमन र नरसंहारमाथि सहरी पत्रकार र बुद्धिजीवीहरू केही नबोलून् भनेर मोदी सरकारले अहिले सहरमा नयाँ शृङ्खला आरम्भ गरेको छ । गत अगस्ट २८ मा भारतव्यापी भएको छापामारी तथा धरपकडको काम यसैको पछिल्लो शृङ्खला थियो। पहिले 'मोदीको हत्याको जिम्मा सहरी नक्सलवादीलाई दिएको र अमूकअमूक बुद्धिजीवीले यसको जिम्मा लिएको' भनिएको थियो भने अहिले मोदी, अमित साह र राजनाथको समेत नाम जोडेर माओवादीले तीनजनाको हत्याको योजना बनाएको र यसमा अमूकअमूकलाई जिम्मा दिएको भन्ने अर्को नाटक गरेको छ। जो बुद्धिजीवीले मोदीको शासनसत्ता र राज्यआतङ्कको आलोचना गरेका छन् सरकारले ती सबैलाई 'सहरी नक्सल' र मोदीको हत्याको योजनाकार बनाएर जेल पठाउन खोजेको छ। पहिले नै प्राध्यापक साइबाबा तथा संस्कृतिककर्मी हेम मिश्रालगायत ४ जना आजीवन काराबासमा छन्।

उनीहरूको गिरफ्तारीको देशभित्र मात्र नभएर विदेशमा पनि विरोध भएको छ । भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) देखि लिएर काङ्ग्रेस आईले समेत मोदीआतङ्कप्रति टिप्पणी गरेका छन् । इतिहासकार प्राध्यापक रामचन्द्र गुहा र लेखक तथा आदिवासी अध्येता अरुन्धती रायले वक्तव्य निकाली गिरफ्तारीको सन्दर्भलाई इमर्जेन्सी लागू गरेको स्थिति भनेर भर्त्सना गरेका छन् र रिहाइको माग गरेका छन्।

मानवअधिकारवादी थुप्रै सङ्गठनहरू, सार गिलानीको नेतृत्वमा रहेका राजबन्दी रिहाइसम्बन्धी कमिटी, ह्युमन राइट फोरम तथा मजदुर सङ्गठनले वक्तव्य प्रकाशित गरेर रिहाइको माग गरेका छन्। त्यसै गरी भारत तथा नेपालका बुद्धिजीवीहरूले हस्ताक्षर अभियान चलाएर पक्राउको विरोधका साथै रिहाइका लागि अभियान चलाएका छन्। यसक्रममा कवि मङ्गलेश डबरालसहित ३०० जनाले हस्ताक्षर गरिसकेका छन् । प्रसिद्ध इतिहासकार रोमिला थापरलगायत बुद्धिजीवीहरूले गिरफ्तार बुद्धिजीवीका पक्षमा सर्वोच्चमा रिट दायर गरेका छन्।

वामपन्थी विचारक, कवि र मानवअधिकारकर्मीलाई भारत सरकारले पछिल्लो समय गिरफ्तार गरिरहेको छ । देशका विभिन्न स्थानमा वामपन्थी कार्यकर्तामाथि पनि निगरानी बढाएको छ भने प्रहरीले कयौंको घरमा छापामार्नुका साथै संविधानविपरीत गतिविधि गरेको आरोप पक्राउ गरिएको छ।

गत जनवरीमा भारतको पूणेस्थित भीमा कोरेगावमा भएको हिंसाको अनुसन्धानका क्रममा प्रहरीले वामपन्थी विचारक तथा कवि बरबर राव, सुधा भारद्वाव र अरुण फेरेरालाई पक्राउ गरेको हो । यसैगरी प्रहरीले मानवअधिकारकर्मी गौतम नवलखा र वरनान गोन्जाल्विस तथा वकिल अरुण फेरेरालाई नियन्त्रणमा लिएको छ।

उनीहरूलाई अहिले अदालतको आदेशपछि घरमै नजरबन्दमा राखिएको छ । अर्को सुनुवाइ नहुँदासम्म प्रहरीको निगरानीमा राख्न अदालतले अनुमति दिएको हो । उनीहरूको गिरफ्तारीलाई सरकारले भारतको माओवादी आन्दोलनसँग जोडेको छ।

भारतीय प्रहरीले देशका अन्य स्थानमा वामपन्थी कार्यकर्तामाथि पनि धरपकड र गिरफ्तारी बढाएको छ। प्रहरीका अनुसार पक्राउ परेकाहरूको माओवादीसँग साँठगाँठ रहेको आरोप लगाएको छ। उनीहरूमाथि देशमा प्रतिबन्ध लागाइएको माओवादीका लागि काम गरेको आरोप लगाइएको छ।

- सुधा भारद्वाज एक वकिल र अभियन्ता हुन्। उनी भारती आई.आई.टी. का टपर हुन् । उनी सन् १८८४-८५ को मजदुर आन्दोलनमा जोडिएकी हुन्।
- बरबर राव एक वामपन्थी लेखक हुन्। उनी भारतमा सङ्कटकाल लागेको समयमा गिरफ्तार भएका थिए।
- गौतम नवलखा अङ्ग्रेजी पत्रिका 'इकोनोमिक एन्ड पोलिटिकल विक्ली' का सल्लाहकार सम्पादकको ओहोदामा कार्यरत छन्।
- अरुण फरेरा पेसाले वकिल हुन्। उनी भीमा कोरगांव हिंसाको सिलसिलमा गिरफ्तार भएका दलित कार्यकर्ताका पक्षमा थिए।
- वरनान गोन्जाल्विस लेखक र सामाजिक कार्यकर्ता हुन्। उनी मुम्बई विश्वविद्यालयका गोल्ड मेडलिस्ट हुन्।

मनवअधिकारकर्मी र अभियन्ताहरूको गिरफ्तारीपछि मानवअधिकार आयोगले गम्भीर असन्तुष्टि जनाएको छ। आयोगले जारी गरेको विज्ञप्तिमा गिरफ्तारी प्रक्रियामा नियमको पालना गरेको नपाइएको जनाइएको छ । उक्त कदम मानवअधिकारको उल्लङ्घन भएको आयोगको भनाइ छ। आयोगले महाराष्ट्रका मुख्यसचिव र प्रहरी महानिर्देशकलाई चार साताभित्र रिपोर्ट पेस गर्न भनेको छ।

गैरन्यायिक गिरफ्तारीका विरुद्ध दिल्लीस्थित महाराष्ट्र सदनको बाहिर प्रदर्शन भएको छ । धेरै प्रदर्शनकारीले प्रधानमन्त्री मोदीलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पकै पथमा हिँडेको भन्दै आलोचना गरे । यसैगरी गिरफ्तारीको विरोधमा भारतका विभिन्न स्थान छत्तीसगढ, अलवा रायपुर, बिलासपुरमा सडक प्रदर्शन भएको छ।

गिरफ्तारीपछि एक प्रतिष्ठित भारतीय लेखक अरुणधती रोयले भारतको अहिलेको अवस्था ७० को दशकमा लागेको सङ्कटकालभन्दा बढी भयानक र डरलाग्दो रहेको बताइन्।

सरकार आफैं भारतका वामपन्थी, दलित, महिला, आदिवासी र अल्पसङ्ख्यकका विरुद्ध नियमकानुन उल्लङ्घन गरिरहेको आरोप लगाइन् । सरकारको आलोचनामा उभिने जोकोहीलाई पनि अपराधी करार गराएर निस्तेज पार्न सरकार लागिपरेको उनको भनाइ छ।

सत्तासीन पार्टी भाजपाले सरकारको उक्त कदमको बचाउ गरेको छ । भाजपाका प्रवक्ता संबित पात्राले प्रतिबन्ध लागेको माओवादीका कार्यकर्ताहरूलाई मानवअधिकारकर्मीका रूपमा हेरिनु त्रुटि भएको बताए।

-एजेन्सीको सहयोगमा

# जनसांस्कृतिक महासङ्घको ध्यानाकर्षण

■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल जनसांस्कृतिक महासङ्घले भारतमा मोदी सरकारद्वारा लेखक बरबर रावलगायत बुद्धिजीवी, सामाजिक अभियानकर्मीहरूको गिरफ्तारी र अदालतको आदेशपछि घरमै गरिएको नजरबन्दप्रति ध्यानाकर्षण भएको जनाएको छ। महासङ्घका तर्फबाट महासचिव खेम थपलियाले शुक्रबार प्रेसविज्ञप्ति जारी गर्दै भारतीय सरकारले माओवादीको घुसपैठको आरोप लगाउँदै लेखक, पत्रकार, मानवअधिकारवादी, वकिलसमेत पाँचजना सामाजिक कार्यकर्तालाई माओवादीसम्बद्ध 'सहरी नक्सल' भनेर प्रचार गर्दै अहिले घरमै नजरबन्द गरिएकोप्रति खेद व्यक्त गरेका छन्।

महासङ्घले नजरबन्द गरिएका अभियानकर्मी-मानवअधिकारकर्मी तथा वकिल सुधा भारद्वाज, सामाजिक अभियानकर्मी तथा लेखक वरनान गोन्जाल्विज, मार्क्सवादी चिन्तक तथा कवि बरबर राव, वकिल अरुण फरेरा तथा वरिष्ठ पत्रकार गौतम नवलखाप्रति भएको भारतीय सरकारको रबैयाको घोर भर्त्सना गरेको छ । थपलियाले नेपालको वर्तमान केपी ओली सरकारद्वारा नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रकाण्ड, पोलिटब्युरो सदस्यहरू पदम राई, उमा भुजेल, मोहन कार्की, कृष्ण धमला, ओमप्रकाश पुन, केन्द्रीय सदस्यहरू किरण, दिपेश, सुमन, आजाद, असल, देवनाराण शाहलगायत सयौं राजनीतिकर्मीलाई विभिन्न झूट्टा मुद्दामा जेल तथा हिरासतमा राखिएको पनि आपत्ति जनाएका छन् । उनले नेपाल, भारतलगायत देशका शासकले बन्दी बनाएका राजनीतिकर्मी, लेखक, पत्रकार, बुद्धिजीवी, एवम् सामाजिक अभियन्तालाई यथाशीघ्र रिहा नगरे आन्दोलन गर्न बाध्य हुने चेतावनी पनि दिएका छन्।

रातो खबर साप्ताहिक

# म सहरिया नक्सल हुँ !



अरुन्धती राय

*हामी शिक्षाको ब्राह्मणवादी प्रभुत्वमा परिसकेका छौं जसमाथि कर्पोरेटको जलप लगाइएको छ । दलित, आदिवासी र सीमान्तकृत छात्रछात्रालाई फेरि शिक्षण संस्थानको बाहिर घचेटिँदैछ किनभने उनीहरु महँगो शुल्क तिर्न सक्दैनन् । यो सुरू भइसकेको छ तर यो जुनसुकै रुपमा पनि स्वीकार्य छैन ।*

जुन विषयमा हामी निकै दिनदेखि बहस गरिरहेका छौं त्यसलाई ३० अगस्ट २०१८ को पत्रिकाले स्पष्ट गरिदिएको छ। इन्डियन एक्स्प्रेसले आफ्नो पहिलो पानाको रिपोर्टमा 'पुलिसले न्यायालयलाई भन्यो ः जसलाई पक्राउ गरिएको छ उनीहरू फासिवादी सरकारलाई जरैदेखि उखेलेर फाल्ने षड्यन्त्र बुनिरहेका थिए' लेखेको छ। अब हामीले के बुझ्नुपर्छ भने हामी एउटा त्यस्तो शासनको अधीनमा छौं जसलाई उसको आफ्नै पुलिसले फासिवादी भन्छ। आधुनिक भारतमा अल्पसङ्ख्यक हुनु अपराध हो। भीडद्वारा कुटिएर मारिनु मारिनेको अपराध हो। गरिब हुनु अपराध हो। गरिबको अधिकारको कुरा गर्नु सरकारलाई उखेलेर फाल्नुसरह हो।

पुणे प्रहरीले कैयौं लोकप्रिय सामाजिक कार्यकर्ता, लेखक, अधिवक्ता र पादरीको घरमा देशैभर एकैपटक छापा हानेर पाँचजनालाई गिरफ्तार गऱ्यो। उनीहरूमाथि लगाइएका आरोप निकै हास्यास्पद र सतही थिए। त्यतिबेला यसको प्रतिरोध हुनेछ र यस्ता पत्रकारसम्मेलन हुनेछन् भन्ने कुरा सरकारलाई राम्रोसँग थाहा थियो। तर पनि सरकारले छापा हान्यो, सामाजिक कार्यकर्तालाई पक्राउ गऱ्यो। सरकारले यस्तो किन गऱ्यो त ?

भर्खरै सम्पन्न उपनिर्वाचन र देशव्यापी भएका सर्वेक्षणलाई दाँजेर हेर्ने हो भने बीजेपी र प्रधानमन्त्री नरेन्द्र मोदीले तीव्र रूपमा लोकप्रियता गुमाउँदैछन् भन्ने देखिन्छ। यसको अर्थ हामी खतरनाक चरणमा प्रवेश गर्दैछौं। आफ्नो लोकप्रियता घट्दै जानुको वास्तविक कारणबाट जनताको ध्यान अन्यत्र आकर्षित गर्न र विपक्षी दलहरूबीच कायम भइरहेको एकतालाई तोड्न अब निर्ममताका साथ षड्यन्त्रहरू रचिनेछन्। अब निर्वाचन नसकिएसम्म यसैगरी सर्कस चलिरहनेछ जसमा पक्राउ गर्ने, गोली हानेर हत्या गर्ने, कुटेर हत्या गर्ने, बम विस्फोट, नाटकीय र वास्तविक हमला-दङ्गा तथा नरसंहारको एउटा प्रक्रिया सुरु हुनेछ।

हामीले निर्वाचनको अवधिलाई सबैखाले हिंसासँग जोड्न सिकिसकेका छौं। 'डिभाइड एन्ड रुल' त थियो नै, अब यसमा नयाँ शब्द 'डाइभर्ट एन्ड रुल' पनि जोडिनेछ। अबदेखि सन् २०१९ को निर्वाचनसम्म हामीलाई नै थाहा नहुन सक्छ- कतिबेला र कसरी हामीमाथि आगोको गोला खस्नेछ तथा त्यस अग्निवर्षाको रूप कस्तो हुनेछ ? त्यसैले म सामाजिक कार्यकर्तामाथि भएको पक्राउको कुरा सुरु गर्नुअघि केही पुरानै कुरा दोहोऱ्याउन चाहन्छु। हामी त्यस्ता अग्निवर्षाका अघिल्तिर आफ्नो मुद्दामा छरिनु हुँदैन। झुक्नु हुँदैन। भलै हामीले जतिसुकै विचित्रका घटनाको सामना गर्न किन नपरोस्।

८ नोभेम्बर २०१६ मा जब भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले टीभीमा ८० प्रतिशत प्रचलित नोटलाई एक निमेषमा बन्द गरिदिए। आज त्यसको एक वर्ष नौ महिना पुग्यो। लाग्छ उनको निर्णयले उनकै मन्त्रिमण्डलका मन्त्रीसमेत चकित थिए। इङ्ल्यान्डको गार्जियन पत्रिकाले ३० अगस्टमा यो निर्णयले देशको कुल गार्हस्थ उत्पादनलाई एक प्रतिशतले ओरालोतर्फ धकेलेको र झन्डै १५ लाख मानिसको रोजगारी खोसिएको लेखेको छ। यसबीच नयाँ नोट छाप्न मात्र कैयौं हजार करोड खर्च भइसकेको छ। नोटबन्दीपछि माल र सेवा कर (जीएसटी) लागू गरिएको छ। यो नोटबन्दीको मारमा पिल्सिएका साना र मझौला व्यापारीका लागि दोस्रो ठूलो झट्का थियो।

यसको साना-मझौला व्यापारी तथा विशेष गरेर गरिबले ठूलो मूल्य चुकाउनुपरेको छ जब कि बीजेपीको नजिकका कैयौं निगमले आफ्नो सम्पत्तिमा कैयौं गुणाले उन्नति गरेका छन्। विजय माल्या र नीरव मोदीजस्ता व्यवसायीलाई सरकारले हजारौं करोडको सार्वजनिक सम्पत्ति लिएर भाग्न दियो। यसबीच सरकार मूकदर्शक बनेर हेरिरह्यो। यस्ताखाले क्रियाकलापमा हामी कस्तो जबाफदेहिताको आशा गर्छौं ? केही गर्दैनौं ? बिल्कुलै शून्य ?

यसैबीच जब सन् २०१९ मा लोकसभा निर्वाचनको तयारी सुरु भइसकेको छ, भारतीय जनता पार्टी सबैभन्दा धनी राजनीतिक दल बन्न पुगेको छ। यसबीच सबैभन्दा अपमानजनक कुरा के भयो भने राजनीतिक दलहरूलाई दिइएको चन्दाको स्रोत पूर्ण रूपमा गोप्य राख्ने भनिएको छ।

द्रुत गतिले शैक्षिक संस्थान नष्ट गरिँदैछन्। लामो इतिहास बोकेका विश्वविद्यालयलाई नष्ट गरिँदैछ र प्रेतजसरी कागजमा मात्र सीमित विश्वविद्यालयलाई महिमामण्डन गरिँदैछ। तार्किक ढङ्गले हेर्ने हो भने यो सबै दुःखदायी छ। जवाहरलाल नेहरू विश्वविद्यालयलाई हेर्दाहेर्दै हाम्रै आँखा अघिल्तिर धुलिसात पारिँदैछ। त्यहाँका विद्यार्थी र कर्मचारीमाथि लगातार हमला भइरहेका छन्।



हामीलाई सन् २०१६ को 'मेक इन इन्डिया' कार्यक्रमको सम्झना छँदैछ जसको उद्घाटन मोदीले गरेका थिए र त्यो सांस्कृतिक महोत्सवमा भीषण आगो लागेर धेरै कुरा खरानी भएका थिए। जे होस्, 'मेक इन इन्डिया' को सोचाइलाई खरानी बनाउने चीज राफेल लडाकु विमानको त्यो सम्झौता हो जुन प्रधानमन्त्रीले आफ्ना रक्षामन्त्रीलाई समेत जानकारी नदिईकन पेरिसमा गरेका थिए। यो घोषित शिष्टाचारको बर्खिलाफ थियो।

पत्रकार तथा सामाजिक कार्यकर्ता गौरी लङ्केशको हत्यामा अनुसन्धान गरिरहेको कर्नाटक पुलिसले कैयौंलाई पक्राउ गऱ्यो। दक्षिणपन्थी हिन्दुवादी सङ्गठन सनातन संस्थाजस्ता कैयौं संस्थाको गतिविधि थाहा भयो। यसबाट उनीहरूको जरा कति गहिरो छ भन्ने थाहा हुन्छ। उनीहरूसँग आतङ्क फैलाउन पूर्ण रूपले तयार गोप्य नेटवर्क छ, उनीहरूसँग 'हिटलिस्ट' छ। लुक्ने-लुकाउने आफ्नो विशेष ठाउँ छ। हतियार छ। गोला-बारुद छ। हत्या गर्ने, बम लगाउने सीप छ। यस्ता कति सङ्गठन छन् जसलाई हामी चिन्छौं ? यस्ता अरू कति सङ्गठन छन् जसले काम गरिरहेका छन् ?

उनीहरू के कुरामा ढुक्क होलान् भने उनीहरूलाई शक्तिशाली मान्छेको आशीर्वाद छ र सम्भवतः प्रहरीको संरक्षण प्राप्त छ। मलाई लाग्छ, सजिलै उनीहरूले कुनै पनि ठाउँमा अथवा सबै ठाउँमा उत्पात मच्चाएर पाल्तु कर्पोरेट मिडियाको सहयोगमा मुद्दालाई किनारा लगाउन सक्छन्। यस्ता वास्तविक खतराबाट हाम्रो ध्यान अन्यत्र मोड्न सामाजिक कार्यकर्ता, अधिवक्ता र मानवअधिकारवादीलाई पक्राउ गरिएको हो।

द्रुत गतिले शैक्षिक संस्थान नष्ट गरिँदैछन्। राम्रो इतिहास बोकेका विश्वविद्यालयलाई नष्ट गरिँदैछ र प्रेतजसरी कागजमा मात्र सीमित विश्वविद्यालयलाई महिमामण्डन गरिँदैछ। तार्किक ढङ्गले हेर्ने हो भने यो सबै दुःखदायी छ। यो काम भिन्नाभिन्नै ढङ्गले गरिँदैछ। जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयू) लाई हेर्दाहेर्दै हाम्रै आँखा अघिल्तिर धुलिसात पारिँदैछ। त्यहाँका विद्यार्थी र कर्मचारीमाथि लगातार हमला भइरहेका छन्। केही टीभी च्यानलले झूट्टा र नक्कली भिडियो देखाएर, दुष्प्रचार गरेर त्यहाँका विद्यार्थीको जीवनमा खतरा पैदा गरिरहेका छन्।

उमर खालिदजस्ता युवा अध्येतामाथि गोली चलाइएको छ। लगातार झूट्टो बोलेर उनीहरूलाई बदनाम गराइँदैछ। झूट्टो इतिहास र मूर्खताले भरिएको पाठ्यक्रम पढेर हामी यति निकृष्ट भइरहेका छौं कि त्यसबाट पार पाउन सक्नेछैनौं। साथै शिक्षाको निजीकरण गर्दै आरक्षणबाट पाइने थोरै लाभको पनि सत्यानाश गराइँदैछ। हामी शिक्षाको ब्राह्मणवादी प्रभुत्वमा परिसकेका छौं जसमाथि कर्पोरेटको जलप लगाइएको छ। दलित, आदिवासी र सीमान्तकृत छात्रछात्रालाई फेरि शिक्षण संस्थानको बाहिर घचेटिँदैछ किनभने उनीहरू महँगो शुल्क तिर्न सक्दैनन्। यो सुरु भइसकेको छ तर यो जुनसुकै रूपमा पनि स्वीकार्य छैन।

कृषि क्षेत्रमा भीषण कहालीलाग्दो अवस्था, किसानको आत्महत्या दरमा वृद्धि, मुसलमानको पिटेर हत्या, दलितमाथि हमला, सर्वसाधारणमाथि अत्याचार, सवर्णको अत्याचारविरुद्ध उभिने प्रयास गरेका भीम आर्मीका नेता चन्द्रशेखर आजादको गिरफ्तारी, अनुसूचित जाति र जनजाति अत्याचार अधिनियमलाई कमजोर पार्ने प्रयास। यी सबैबाट हाम्रो ध्यान अन्यत्र मोडिनु हुँदैन। यी सबै कुरा भनेपछि अब म हालै भएको गिरफ्तारीबारे कुरा गर्न चाहन्छु।

पाँचजनालाई गिरफ्तार गरिएको छ- वरनान गोनजाल्विस, अरुण फरेरा, सुधा भारद्वाज, बरबर राव र गौतम नवलखा। यीमध्ये कुनै पनि एकजना व्यक्ति यलगार परिषद्को ३१ डिसेम्बर २०१७ को ऱ्यालीमा सहभागी थिएनन्। उनीहरू त्यसको अघिल्लो दिन आयोजना गरिएको तीन लाखभन्दा धेरै मान्छे रहेको ऱ्यालीमा पनि थिएनन् जुन भीमा-कोरेगाउँको दुई सय वर्षको वार्षिकोत्सव मनाउन भेला भएका थिए। यलगार परिषद् दुई विशिष्ट सेवानिवृत्त न्यायाधीश सांवत र कोलेसे पाटिलले बोलाएका थिए। ऱ्यालीको अघिल्लो दिन हिन्दुत्ववादी उग्रपन्थीहरूले हमला गरे जसकारण त्यो क्षेत्र केही दिनसम्म अशान्त रह्यो। यस घटनाका दुई मुख्य आरोपी मिलिन्द एबोटे र सम्भाजी भिन्डे हुन्।

यी दुवै अझै पनि बाहिर छन् तर उनका एकजना समर्थकले जनवरी २०१८ मा मुद्दा दायर गरेपछि पुणे प्रहरीले पाँचजना सामाजिक कार्यकर्ता- रोना विल्सन, सुधीर ढावले, सोमा सेन, महेश राउत र अधिवक्ता सुरेन्द्र गाडलिङलाई गिरफ्तार गरिसकेको छ। उनीहरूमाथि ऱ्यालीलाई हिंसात्मक बनाएको र प्रधानमन्त्री मोदीको हत्या षड्यन्त्र गरेको आरोप लगाइएको छ। उनीहरूमाथि गैरकानुनी क्रियाकलाप रोकथाम अधिनियममार्फत मुद्दा चलाइएको छ। उनीहरू अझैसम्म हिरासतमा छन्। उनीहरू भाग्यशाली मान्छे हुन् जो अझैसम्म जिउँदो छन् किनभने इसरत जहाँ, सोहराबुद्दिन सेख, कौसर बीमाथि पनि यस्तै आरोप लागेका थिए तर उनीहरूमध्ये कोही पनि आफ्नो मुद्दाको फैसला होउन्जेल जिउँदो रहन सकेनन्।

जुनसुकै दल सत्तामा होस्, काङ्ग्रेस-यूपीएको सरकार अथवा बीजेपीको सरकार, उनीहरू आदिवासी र दलितमाथि गर्दै गरेको हमलालाई माओवादी अथवा नक्सल भनेर साबित गर्न चाहन्छन्। दलित आदिवासीलाई सबैले आफ्नो भोट बैङ्कका रूपमा हेर्छन्। एक्टिभिस्टहरूलाई पक्राउ गरेर, उनीहरूलाई माओवादी अथवा नक्सली भनेर सरकार दलित आकाङ्क्षालाई कमजोर र अपमानित गरिरहेको छ जब कि अर्कोतिर सरकार आफू 'दलित मुद्दा' मा संवेदनशील भएको झूट प्रचारित गर्न चाहन्छ। यतिबेला जब हामीले यी कुरा गरिरहेका छौं, समग्र देशमा हजारौं गरिब र वञ्चितलाई जेलमा कोचिएको छ जो आफ्नो स्वाभिमान, अधिकार र सम्मानका लागि लडाइँ लडिरहेका थिए। उनीहरूलाई राजद्रोहको मुद्दा लगाइएको छ। ती मुद्दाको सुनवाइसमेत भइरहेको छैन र त्यो ठूलो भीड जेलमा कुहिँदैछ।

ती जुन १० जनालाई सरकारले गिरफ्तार गरेको छ जसमा तीनजना अधिवक्ता, सातजना लोकप्रिय सामाजिक कार्यकर्ता छन्, सरकारले उनीहरूमाथि मुद्दा दायर गरेर हजारौं मानिसको आशा र न्यायिक लडाइँ लड्ने अधिकारबाट उनीहरूलाई वञ्चित गरेको छ। बर्सौंपहिले जब सरकार समर्थित गैरकानुनी फौजी जत्था 'सलवा जुडुम' बस्तरमा आदिवासीको सग्लै गाउँका गाउँ जलाइरहेको थियो र उनीहरूको दिउँसै कत्लेआम गर्दै थियो, त्यतिबेला 'छत्तीसगढ पिपुल्स युनियन फर सिभिल लिबर्टिज' (पीयूसील) का महासचिव डाक्टर विनायक सेनले पीडितहरूको आवाज बुलन्द गरेका थिए। जब विनायक सेनलाई जेल हालियो तब सुधा भारद्वाज ती मुद्दालाई लिएर उभिइन्।

उनी बर्सौंदेखि त्यसै क्षेत्रमा रहेर ट्रेड युनियन चलाउँदै कानुनी लडाइँ लड्दैछिन्। प्रोफेसर जीएन साइबाबा जो बस्तरमा अर्धसैनिक बलद्वारा गरिएको अत्याचारविरुद्ध आवाज उठाइरहेका थिए। उनले विनायक सेनका पक्षमा मुद्दा उठाउन सुरु गरे। जब जीएन साइबाबालाई पक्राउ गरियो तब उनका पक्षमा रोना विल्सन उभिए। सुरेन्द्र गाडलिङ साइबाबाका अधिवक्ता थिए। जब रोना विल्सन र सुरेन्द्र गाडलिङलाई गिरफ्तार गरियो तब उनीहरूका पक्षमा सुधा भारद्वाज, गौतम नवलखा र अन्य मानिसहरू उभिए त्यसपछि बल्ल सबैलाई एकैपटक पक्राउ गरिएको हो। यसरी गरिब, आदिवासी र सीमान्तकृतका पक्षमा बोल्दा सहरी नक्सल भइन्छ भने मेरो नाम अरुन्धती राय हो र म पनि सहरी नक्सल हुँ !

अहिले सबैभन्दा धेरै कमजोर तप्कालाई घेराबन्दी गरिँदैछ र उनीहरूको आवाज दबाइँदैछ। मुखर मानिसलाई कैदमा थुनिँदैछ। यस देशलाई भगवान्ले जोगाओस्।

*(स्रोत ः नयाँ पत्रिका दैनिक। प्रेस क्लब अफ इन्डिया दिल्लीमा अरुन्धती रायले गरेको सम्बोधनको अनुवाद पत्रकार नरेश ज्ञवालीले गर्नुभएको हो।)*

## कविता

### मुलुकमा ओलीराज छ



अशोक सुवेदी

मुलुकमा ओलीराज छ
अर्थात् यसरी बुझौं-
मुलुकमा फेरि गोलीराज छ।

फरक यति मात्र छ-
हिजो पनि थिए विभिन्न नाम र थरका ओलीहरू
अर्थात् हिजो पनि थिए विभिन्न बहानाका गोलीहरू
एउटा राजतन्त्र नामको ओली शासन थियो
नेपाली माटो र हावापानी सुहाउँदो व्यवस्थाका नाउँमा
अर्को पञ्चायत नाउँको गोली शासन थियो
सबै नेपाली पञ्चका नाउँमा
गोलीकै बाटो गरी आएको शाहीशासन थियो
पुर्खाको पौरखका नाउँमा
अर्थात् कहिले ज्ञानेन्द्र, देउवा र सूर्यबहादुरहरू थिए
कहिले कमल थापा र गिरिजाप्रसादहरू थिए
नानाभाँती तन्त्र, मन्त्र र प्रजातन्त्रका नाउँमा
अर्थात् हिजो पनि ओलीहरू थिए,
विद्रोही जनतामाथि दाग्न
हिजो पनि उनीहरूसँग गोलीहरू थिए
हिजोका ओलीहरूका गोलीहरू
कृष्णलाल-गङ्गालालहरूका छातीमा बर्सिन्थे
चिनियाँकाजी र भीमदत्तहरूका छातीमा पोखिन्थे
आजाद, दिलमया र इच्छुकहरूका शिरमा बर्सिन्थे
आजका नयाँ ओलीहरू
अर्थात् केपी, पीके र रामबहादुर ओलीहरू
सनी खुनाहरूका छातीमा बर्सिन्छन्
निर्मला र शर्मिष्ठाहरूको मृत्यु बनेर आउँछन् र
छट्टु स्यालले आकाशतिर चिल देखाएर
भुइँको कुखुरा कुलेलम पारेझैँ
एउटा झूट्टो समाजवाद देखाएर
जनताको खुसी लुटिरहेछन्
विद्रोहीको जीवन लुटिरहेछन्
अर्थात् विदेशीहरू हिजोझैँ फेरि नयाँ ओली चलाइरहेछन् र
ओलीहरू हिजोझैँ फेरि गोली चलाइरहेछन्।

समय उस्तै-उस्तै छ
जनताको पीडा र कहर उस्तै-उस्तै छ
देशभर फेरि कर्फ्यु छ
कञ्चनपुरमा बलात्कारी जोगाउन कर्फ्यु छ
सहरमा महँगी बढाउन कर्फ्यु छ
गाउँमा सिंहदरबार पुगेपछि
टोलटोलमा थप कर र भ्रष्टाचार लाद्न कर्फ्यु छ
निर्मला पन्त र शर्मिष्ठा सुवेदीहरू
बलात्कृत भएर मारिए त के भो र
यहाँ दिनदिनै नमिता-सुमिताकाण्डको
नयाँ-नयाँ वातावरण बनाउन कर्फ्यु छ।

मुलुकमा शान्ति छ
सहर र अझ राजधानीमा त झनै शान्ति छ
मुर्दा शान्ति !

मानिस चलेका छैनन्
गाडी चलेका छैनन्
देश, जनता र वर्गका लागि चल्नेहरू
फसाइएका छन् दिनदिनै शाहीकाल शैलीका झूट्टामुद्दामा
चलेका छन् त केवल ओली र मोदीहरू चलेका छन्
काम गरी खाने श्रमिकको बेहाल छ
कार्यालय जाने र घर फर्किने मानिसहरूको कोलाहल छ
विद्यालयहरू बन्द गरिएका छन्
घरबाहिर निस्किन प्रतिबन्ध छ नानीबाबुहरूलाई
किनकि सडकमा मोदी र ओलीहरूको सवार छ
घरमा जनताको पहुँच छैन
देशमा जनताको पहुँच छैन
सडकमा जनताको पहुँच छैन
सडकमा मार्चपास्ट गरिरहेका छन्
मोदी र मोदीहरूका सैनिक
हामीलाई नाकाबन्दी, उत्पीडन र दासता उपहार दिने
मोदीहरू
तिनकै चरणको धुलो पुछ्न लाम लागिरहेका छन् शासकहरू
नाकाबन्दीविरुद्ध
सीमा अतिक्रमणविरुद्ध
नेताहरूको खोपडी किनबेचका विरुद्ध
अर्थात् साम्राज्यवादविरुद्ध
फैलिनसक्छ सडकभरि-
कालोझन्डा, विद्रोही मुठी र बारुदको गन्ध
त्यसैले सहरमा पनि कर्फ्यु छ।

सिँगारिएको छ राताराता
सधैँ फोहोर बोकेर मुस्कुराउने दुर्गन्धित राजधानी
पखालिएका छन् मोदीहरू मार्चपास्ट गर्ने सडक
मालिकहरू रिझाउन झन् खप्पिस

*बाँकी पृष्ठ ७ मा*

## कम्युनिस्ट अभिभारा ...

भए के गर्ने त ? वास्तविक अर्थमा कम्युनिस्ट पार्टीको अर्थ साम्यवादी पार्टी भन्ने हुन्छ । अहिलेको खिचडी समाजमा साम्यवादी को हो त भन्दा अवश्य पनि कम्युनिस्ट पार्टीका सदस्य हो । कम्युनिस्ट समुदायको निर्माण गर्नु त्यसको कर्तव्य हो । कम्युनिस्ट समुदाय निर्माणका लागि एउटा कम्युनिस्ट पार्टी सदस्यले वर्गसङ्घर्षको दायित्व पूरा गर्नुपर्दछ । जब वर्गसङ्घर्षमा विजय हासिल हुँदै जान्छ, तब कम्युनिस्ट समुदाय पनि मौलाउँदै र फैलिँदै जान्छ । एउटा कम्युनिस्ट पार्टी सदस्य साम्यवादको भ्रूण हो भने केन्द्रीय निकाय त्यसमा पनि शीर्षस्थ नेतृत्व टिम पार्टी निर्माणदेखि नै साम्यवादी नभई कम्युनिस्ट क्रान्ति हाँक्नै सक्तैन किनभने संशोधनवादी कम्युनिस्ट फूलबुट्टे हुने भएकाले सर्वसाधारण झुक्किन पुग्छन् । क्षमताअनुसारको काम, आवश्यकताअनुसारको माम (दाम) साम्यवाद हो । क्रान्तिकालको साम्यवाद नेतृत्वमा अवश्य लागू हुनुपर्दछ । क्षमताअनुसारको काम, काम र आवश्यकताअनुसारको माम (दाम) समाजवाद हो । क्रान्तिकालको समाजवाद कार्यकर्तामा लागू हुनुपर्दछ । कामअनुसारको माम (दाम) जनवाद हो । क्रान्तिकालको जनवाद जनतामा लागू हुनुपर्दछ ।

साम्यवादको नेतृत्वमा जनवाद र समाजवाद अर्थात् वैज्ञानिक समाजवाद । यसको प्राप्ति भनेकै एउटा सच्चा कम्युनिस्ट पार्टीमा नीतिगत र विधिगत रूपमा जीवन-व्यवहारमा लागू गर्ने कुरा हुन् । तसर्थ, एउटा पार्टी सदस्यदेखि केन्द्रीय नेतृत्वसम्मको पहिलो उन्नत चेतना भनेको आफू कम्युनिस्ट बन्नेमा अभ्यस्त हुनु र प्रतिस्पर्धा गर्नु हो । जब एउटा असल र कुशल कम्युनिस्टको आचरण, व्यवहार र स्तर झल्कँदै र फैलिँदै जान्छ, कम्युनिस्ट समुदाय अवश्य निर्माण हुँदै जान्छ । असल कम्युनिस्ट समुदायमध्येको उन्नत चेतनाले लैस नेतृत्व, कार्यकर्ता, जनताको सङ्गठनलाई नेपाल कम्युनिस्ट पार्टी नभनेर के भन्ने ? जसले आमूल परिवर्तनसहितको क्रान्ति, वैज्ञानिक समाजवाद हुँदै स्वर्णिम साम्यवादमा मात्र मानव-मानवबीचको विभेद अन्त्य हुन्छ, सबै श्रमजीवी मानिस अधिकार सम्पन्नताको स्वतन्त्रता प्राप्त गर्ने कुरा मात्र बुझेको हुन्छ । जसमा भावनात्मक एकता, सद्भाव, परिश्रमी साथै, वैज्ञानिक सोच, विचार र व्यवहारका ठेलमठेल मुहान हुन्छन् । साँचो अर्थमा एउटा असल कम्युनिस्ट पूर्वको बिहानी हो । आशावादको भण्डार हो । हलकर्ता हो । समस्याको पहिचानकर्ता पनि हो । एउटा कुशल डाक्टर हो समाज विज्ञानको क्षेत्रमा ।

त्यसैले, स्वाधीन राष्ट्र निर्माण र जनताको मुक्तिका लागि क्रान्ति अपरिहार्य शर्त र आवश्यकता हो भन्ने कुरा मात्र बुझेर आफू कम्युनिस्ट बन्ने र कम्युनिस्ट पार्टी निर्माणको महान् अभियानमा विशेषतः युवालगायत क्रान्तिप्रेमी र राष्ट्रप्रेमी सबै जुट्नु वर्तमानको माग हो । होइन भने नेपाल गम्भीर रूपले राष्ट्रघातको सिकार बन्ने र नेपालीहरू पराधीन-गुलाम बन्नुसिवाय अर्थोक हात लाग्नेछैन । बिग्रिएका कम्युनिस्टहरूले सामाजिक दलाल पुँजीवादको खेती गरेर युद्ध थोपर्दैछन् । कम्युनिस्ट पार्टी र समुदायले युद्धलाई क्रान्तिद्वारा परास्त गरी वैज्ञानिक समाजवाद जन्माउन आवश्यक छ । स्वाधीन राष्ट्र र मुक्त-उन्मुक्त जनताको ग्यारेन्टी गर्नु कम्युनिस्टहरूको मात्र अभिभारा हो । यसर्थ आउनुहोस् सो अभिभारा पूरा गर्न श्रमजीवी जनसमुदाय र सबै मित्र शक्तिहरूसित मितेरी गाँसौं ।

## मुलुकमा ओलिराज ... ...

देखिन्छन्
नयाँनयाँ 'समाजवादी' हरू
पीडा र आक्रोशले चिच्याइरहेका
सडकमा लामबद्ध जनतालाई देखाएर
प्रतिवेदन बुझाइरहेछन् यो देशका प्रधानमन्त्री
बि-मिस्टेकका मालिकहरूलाई-
'हाम्रा प्रजा
हजूरहरूको आगमनको खुसीयालीमा
लगाइरहेछन् गगनभेदी नारा !
र चिच्याइरहेछन् खुसीयाली साट्दै...!'
मक्ख छन् मोदीहरू
वाः क्या जनता !
क्या देश !
क्या नेताहरू
हामी नाकाबन्दी लगाइदिन्छौँ र पनि हाम्रै जयजयकार गर्छन्
हामी सीमा मिच्छौँ तर पनि हाम्रै वाहवाही गर्छन्
हामी सैनिक मार्चपास्ट गर्छौं तिनको छातीमा
र पनि हाम्रै प्रशंसामा नारा लगाउँदै जयगान गर्छन्
तिनको संसद्मा उभिएर हामी भनिरहेका हुन्छौं-
तिम्रो देशका पानी, नानी र सानी हाम्रै हुन्...
खुसीले टेबुलै फुटाउँलाझैँ गरी ताली ठोक्छन्
वाः
क्या सुहाएको छ हामीले पठाइदिएको समाजवाद !

मुलुकमा ओलीराज छ
अर्थात् अर्को गोलीराज छ

यही ओलीराज र गोलीराजको मस्त निद्रा बिथोल्दै
कोर्दै वैज्ञानिक समाजवादको खाका
देशभर जलिरहेछन् समस्त ओलीका पुतलाहरू
नयाँनयाँ जेलब्रेक गर्दैछन् शिलुहरू
डाँडाकाँडामा लागिरहेछन् गगनभेदी नारा
उडिरहेछ तितेपाती र गन्धकको सुगन्ध
र चलिरहेछ देशव्यापी साइबर वार अभियान !

## राज्यआतङ्कको बाटोमा ...

पक्षमा तिनीहरू मात्र छन् जो सत्तालाई कमाइखाने भाँडो बनाउन सफल छन् । लाभको पद लिएका छन् । बाँकी आमजनतामा सरकारप्रति घोर आक्रोश र घृणा छ ।

अहिलेको सरकारको अहंकार कति बढी छ भने उनीहरू जनताका असन्तुष्टिहरूलाई सामान्य ढङ्गले सुन्ने मनस्थितिमा छैनन् । आज परिवर्तनका एजेन्डाहरूलाई पूरै तिरस्कार गरेर सरकार अगाडि बढ्दैछ । सपनाहरू देखाउने तर काम उल्टो गर्ने छद्मभेषी रणनीतिबाट अगाडि बढेको सरकारी रबैयाले जनतामा व्यापक वितृष्णा उत्पन्न गराएको छ । कुरा समाजवादको तर यात्रा वा कार्यक्रम दलाल पुँजीवादको । जनतामा भएको गरिबी, उत्पीडन र सहनशीलतालाई सरकारले कमजोरीका रूपमा व्यवहार गरेको छ । समृद्धिका सपना देखाउने तर कङ्गाल बनाउने सरकारी रणनीति जनतामाझ नाङ्गिइसकेको छ । हाम्रो मुख्य राजनीतिक अन्तरविरोधलाई बेवास्ता गरेर अगाडि बढेकाले नै सरकार र क्रान्तिकारी शक्तिबीच टकराव र सङ्घर्षको स्थिति उत्पन्न भएको छ । फेरि यो राजनीतिक र वैचारिक सङ्घर्षलाई फासिवादी र सैन्य ढङ्गले निषेध गर्न खोज्ने सरकारी राणनीति चकनाचुर हुने निश्चित छ । सरकारको यो निरङ्कुश फासिवादी चरित्रले देशमा युद्धको बीजरोपण गर्न खोज्दैछ । ओली सरकारलाई लागेजस्तो युद्ध सरकारका लागि झनै प्रत्युत्पादक र आत्मघाती हुनेछ । वास्तवमा जनआक्रोश यो बिन्दुमा पुगेको छ- उनीहरू छिटो युद्ध होस् र भ्रष्ट सत्ताको अन्त्य होस् भन्ने चाहन्छन् । जनआक्रोश यति बढेको छ- जसले गरे पनि अहिलेको सत्ताका लुटेरा र भ्रष्ट मन्त्री, सांसद र नेताहरू सबैलाई जेल हाल्ने व्यवस्था आओस् भन्ने जनचाहना तीव्र बनेको छ । परिवर्तन र समृद्धिका सपना देखाएर जनतालाई कङ्गाल बनाउने, राष्ट्रियताको सपना देखाएर देशलाई गुलाम बनाउने नेताहरूलाई अपदस्थ गरेको जनता हेर्न चाहन्छन् । मुठीभर सत्ताको वरिपरि घुम्ने नवधनाढ्य वर्गको सम्पत्तिलाई राष्ट्रियकरण गर्दै तिनीहरूलाई जेल हाल्ने व्यवस्थाको खोजी भइरहेको छ । प्रधानमन्त्री, मन्त्री र नेताहरू अर्बपति र खर्बपति कहाँबाट कसरी बने, जनता त्यो जान्न चाहन्छन् । आफ्ना यी तमाम काला कर्तुतहरूलाई ढाकछोप गर्नका लागि प्रकाण्डलगायत नेताहरूलाई हत्कडी लगाइएको कुरा सर्वत्र स्पष्ट भएको छ ।

# झापा सेक्रेटरी सुमनसहित १० गिरफ्तार

■ रातो खबर संवाददाता/झापा

नेपाल कम्युनिस्ट पार्टीका झापा जिल्ला सेक्रेटरीसहित १० जना नेता-कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको छ । उनीहरूलाई प्रहरीले गत बुधबार झापाबाट गिरफ्तार गरेको नेकपा मेची ब्युरोले जनाएको छ । गिरफ्तारीमा पर्नेहरूमा जिल्ला सेक्रेटरी सुमनसिंह पौडेल, ब्युरो सदस्य प्रशान्त थापा, झापा जिल्ला सदस्यहरू सञ्जय राई, सुभाष राई, चमनलाल माझी, चेसीभाइ लिम्बू, भीम लिम्बू, चित्र विक, सुरेन्द्र मिश्र र इलाम जिल्ला सदस्य मोहन बराल छन् ।

नेकपाका केन्द्रीय सदस्य तथा मेची ब्युरो इन्चार्ज सुमन लिम्बूले आफ्ना कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरेको भन्दै विरोध तथा भर्त्सना गरेका छन् । लिम्बूले गिरफ्तार गरिएका नेता-कार्यकर्तालाई तत्काल रिहा नगरे सङ्घर्षमा जान बाध्य हुने चेतावनी पनि दिएका छन् ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी भक्तपुरका दुई जिल्ला सदस्यलाई प्रहरीले गिरफ्तार गरेको छ । उनीहरूलाई गत मङ्गलबार सूर्यविनायकबाट गिरफ्तार गरिएको हो । गिरफ्तारीमा पर्नेहरूमा ध्रुव किराँती र गुमुरा राई छन् । नेकपा भक्तपुरका सेक्रेटरी लाल किरणले बुधबार प्रेसविज्ञप्ति जारी गर्दै आफ्ना कार्यकर्तालाई रिहा गर्न माग गरेका छन् । गिरफ्तार कार्यकर्तालाई बिनासर्त रिहा नगरिए प्रतिरोध गर्न बाध्य हुने र त्यसबाट उत्पन्न परिणामको जिम्मेवार सरकार स्वयम् हुने उनको विज्ञप्तिमा उल्लेख छ ।

# पोर्चुगलमा नेकपा समर्थकको अधिवेशन

**पोर्चुगल** : नेपाल कम्युनिस्ट पार्टी निकट नेपाली जनप्रगतिशील मोर्चा पोर्चुगलको अधिवेशन हुने भएको छ । गत अगस्ट ३० तारिकमा सम्पन्न बैठकले अधिवेशन गर्ने निर्णय गरेको हो । बैठक नेपाली जनप्रगतिशील मोर्चा युरोपका अध्यक्ष विष्णु भुजेलको प्रमुख आतिथ्य र सङ्गठनका संयोजक इन्द्र न्यौपानेको अध्यक्षतामा बसेको थियो । मोर्चाले नेपालमा नेकपाका नेता-कार्यकर्तामाथि गरेको दमन तथा धरपकडको भर्त्सना गर्दै हाल प्रहरी हिरासतमा रहेका नेकपाका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रकाण्ड, पोलिटब्युरो सदस्यहरू पदम राई, ओमप्रकाश पुन, उमा भुजेल, मोहन कार्की, कृष्ण धमला, केन्द्रीय सदस्यलगायत सयौँ नेता-कार्यकर्तालाई तत्काल रिहा गर्न सरकारसँग माग गरेको छ ।




**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास)**
**प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम
**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२

वर्ष ४, अङ्क १३, पूर्णाङ्क १५९

रातोखबर

नियमित

# राजनीतिक विकल्प र वार्ताको प्रसङ्ग



अनिल विरही

एमाले-माके सरकारबाट देशको प्रतिष्ठा र समृद्धि सम्भव छैन भन्ने हाम्रो पूर्वधारणा सही साबित भएको छ। सामाजिक सञ्जाल, सञ्चारमाध्यम र सार्वजनिक स्थानमा त्यसप्रकारको जनमत सहजै अनुभूत गरिएको देख्न सकिन्छ। अरुण ३ लगायत राष्ट्रघात, मोदी भ्रमणका क्रममा भएको सरकारी लाचारी, दासको प्रभुभक्ति प्रतिस्पर्धा, प्रमको निरीहता र प्रमको असफल चीन भ्रमणसम्म पुग्दा कथित कम्युनिस्ट सरकारको मुकुण्डो उत्रियो। विश्वको लुटेरो पुँजीवादको नयाँ दलालले आफूलाई कम्युनिस्ट भनेर 'राजनीतिक वेश्यावृत्ति' गर्दैमा समस्या समाधान हुँदो रहेनछ। 'जुन जोगी आए पनि कानै चिरेका' भन्दै उनै कान चिरेका जोगीहरूलाई मतदान गर्दै आएका जनता र जनमत रातो भेषधारी दलालहरूका विरुद्ध गएको छ। एमाले-माके गठाजोडले नेपाली काङ्ग्रेसले भन्दा नयाँ केही गरेको छैन र राजनीतिक प्रणाली समान हुने, काम फरक गर्छु भन्ने कुरा फटाहा कुरा हो। त्यसकारण आम रूपमा एमाले-माके दल र सरकारको विकल्प खोजी हुन थालेको छ।

नेपाली काङ्ग्रेस विकल्प हुनसक्छ त ? '... टोपीको कुरै नगरौँ' भनेझैँ छ। सडक र सदन कतै प्रतिपक्ष छैन। तर काङ्ग्रेसीहरूको कुकुर-बिरालाभन्दा अब्बल झगडामा छैनन्। ती प्रचण्ड-ओलीको खेलौना बनिरहेका छन्। उनीहरूमा न आदर्श छ, न त नयाँ सोचाइ र शैली छ। त्यसकारण नेपाली काङ्ग्रेसले समाधान देला भनेर विश्वास कसैले गर्ला ! मधेसी र अन्य दलहरूको त के कुरा गर्नु ! तीनको सोचाइ र शैली असङ्गठित खेतालाजतिको पनि छैन। साहूमहाजनको अरनखटनबाहेक तिनको आफ्नो कुनै आदर्श र लक्ष्य छैन।

देशको सानो समुदाय र एकथरी बौद्धिक तप्का हामीतिर फर्केका छन्। हामीप्रति आशा छ। यो तप्काका सुरक्षा निकायका निवृत्तहरू, तल्लो तहका फुलीको आशा नभएकाहरू, देशभक्त र ठूलो सङ्ख्यामा जनयुद्धबाट प्रभावित र दीक्षित जनसमुदाय छ। काङ्ग्रेस-एमाले-माकेकै लाभको पदमा नभएको बबुराहरू 'अब केही गरे तपाईंहरूले हो' भन्दै निराशा व्यक्त गर्छन्। अथवा त्यसप्रकारको धारणालाई वैचारिक पराजय र पलायनको सहजपथ भन्न सकिएला। अब प्रश्न उठ्छ- हामीले के गर्नुपर्ला त ? के हामी पनि दलाल व्यवस्थाको चुनावमा गएर सेठजीको गल्ला पसलमा बोरा 'लोड-अनलोड' गरौँ ? कारिन्दा बनौँ ? अनि हिन्दीभाषाको एउटा उखानझैँ 'अपने-अपने गल्लीमैं तो कुत्ताभी शेर होते है' भनेझैँ सडकका बबुरालाई टोक्न थालौँ। एकथरी देशभक्त र बुद्धिजीवीहरू हामीलाई चुनावमा गएर सरकारको नेतृत्व गरे हुन्थ्यो भन्ने अपेक्षा गरिरहेका छन्। तर हामीले त्यो बाटोमा समाधान देखेका छैनौँ। त्यसैले संसदीय चुनाव कि क्रान्ति ? दलाल संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद ? भन्ने बहसमा नेपाली समाज प्रवेश गरिरहेको छ। त्यो वैचारिक, राजनीतिक टक्कर सशस्त्र भिडन्ततिर जान खोज्दैछ। दलाल सरकार हाम्रो वैचारिक, राजनीतिक मोर्चाबाट पराजित हुँदै गएको, जनमत हामीतिर बढ्दै गएको कारण निकै त्रसित छ। त्यसकारण एमाले-माके सरकार देशलाई सशस्त्र भिडन्ततिर धकेल्न चाहन्छ। त्यसकै लागि उसले पार्टी प्रवक्ता क. प्रकाण्ड, युवा नेता शिलुलगायत दर्जनौँलाई गिरफ्तार गरेर झूट्टा मुद्दा लगाएको छ। आरोपितलाई दोषी प्रमाणित गर्ने प्रयास पटकपटक असफल भएपछि अदालत र न्यायिक निकायलाई दलाल संसद्भित्र कैद गर्ने तारतम्य मिलाउँदैछ।

प्रतिक्रियावादी वर्गले जबजब शान्तिको कुरा गर्छ तब भयानक युद्धको तयारी गर्दैछ भनेर बुझ्नुपर्छ। वैशाखजेठतिर नै प्रचण्ड र ओलीले आफ्ना दूतहरूलाई वार्ताका लागि खटाएका थिए। प्रचण्डले त क. विप्लवलाई भेट्न पाऊँ भनेर सयौँपटक खबर पठाए। क. विप्लवले धोकेबाज, साम्राज्यवादको चाकर बनिसकेका प्रचण्डलाई नभेटेपछि कुण्ठित भए र त्यो कुण्ठा बदलाभावमा व्यक्त गर्दैछन्। नेकपालाई दमन गर्न उक्साइरहेका छन्। त्यही षड्यन्त्रलाई सही साबित गर्न वार्ताको चर्चा बाहिर ल्याइएको छ।

सीके राउत, लिङ्देल समूह र नेकपाको वैचारिक, राजनीतिक कामकारबाही समान छन् ? उही तरिकाले वार्ता हुन्छ ? त्यसप्रकारले सोच्नु अराजनीतिक विषय र बुझाइ हुन्छ। दोस्रो, सरकारले देशव्यापी राज्यआतङ्क मच्चाएको छ। पछिल्लो अवधिमा नेकपाकी राजनीतिक समिति सदस्य क. उमा भुजेल 'शिलु' को गिरफ्तारीले त्यसलाई पुष्टि गरेको छ। दमन र वार्ता एकसाथ हुन सक्दैन। वार्तामा बसे हुन्थ्यो कि भन्नेहरू पनि होलान् अथवा त्यससम्बन्धी नेकपाको धारणा के होला भन्ने जिज्ञासा होला। प्रथमतः सरकारले नेकपालाई वार्ताको औपचारिक प्रस्ताव गरेकै छैन। दोस्रो, उसले झारा टार्ने खालको टोली सञ्चारमा प्रचार गरेको छ। तेस्रो, सरकारको व्यापक आलोचना भएपछि भ्रम उत्पन्न गर्न र दमनको औचित्य पुष्टि गर्न मात्र वार्ताको सडक हल्ला गरेको छ। भदौ १२ गते जारी नेकपाका महासचिव विप्लवको विज्ञप्तिमा भनिएको छ, 'वार्ताको आह्वान मिठाईको लेपन लगाएको विषको चक्की मात्र हो। हाम्रो उक्त विश्लेषणलाई कमरेड शिलुको गिरफ्तारीले पुष्टि गरेको छ।' त्यसकारण सरकारमा इमानदारी हुनुपर्‍यो। क. प्रकाण्ड र क. शिलुसम्मको गिरफ्तारी र गैरजिम्मेवार सरकारी वार्ता हल्लालाई एउटै सिक्काका दुई पाटाका रूपमा हेर्नुपर्छ। हामी उत्तेजित भएर सरकारको पहलकदमीमा उसले चाहेको कदम चाल्नु हुँदैन। तर सरकारी चुनौतीको सामना गर्न 'यथास्थितिमा क्रमभङ्ग' वर्तमान आवश्यकता बन्दै गएको छ।

पुँजीपति वर्गसँग वार्तानीतिबारे हामी भ्रमित छैनौँ र भ्रमित हुनु हुँदैन। त्यस सम्बन्धमा क. गोन्जालोका विचारहरू मननीय छन्। क. गोन्जालोले 'प्रतिक्रियावादी सत्तासँग क्रान्तिको कुनै समयमा वार्ता गर्नुपर्ने हुन्छ भन्नेमा हामी स्पष्ट छौँ तर हामी उत्तर र दक्षिणकोरिया होइन, हामी उत्तर र दक्षिणभियतनाम होइन, सिङ्गो पेरू चाहन्छौँ' भन्नुभएको थियो। उहाँले 'प्रतिक्रियावादी वर्गलाई जनतासमक्ष आत्मसमर्पण गर्न सहजीकरण गर्ने चरणमा वार्ता हुने बताउनुभएको थियो। यद्यपि जनयुद्धको समयमा प्रचण्ड-बाबुरामले वार्ताबारे गोन्जालो स्पष्ट नभएकोमा भ्रम वितरण गरेका थिए। ओली-प्रचण्डमण्डलीको वार्ता प्रचारबारे नेकपाको ७ औँ पूर्ण बैठकको दस्ताबेज पृष्ठ ७ मा भनिएको छ, 'प्रचार के गरियो र गरिँदैछ भने हाम्रो पार्टी छिट्टै सरकारसँग वार्तामा जाँदैछ र सरकारमा सहभागी हुनेबारे छलफल हुँदैछ। यो प्रचार पार्टी पङ्क्ति र जनतालाई भ्रम दिने तथा क्रान्तिलाई कमजोर बनाउने रणनीतिअन्तर्गत भइरहेको छ। उनीहरूलाई थाहा छ, यो क्रान्ति सरकारसँग वार्ता गर्नका लागि सञ्चालन गरिँदै छैन। वार्ताको सैद्धान्तिक अवधारणाबाहेक यतिबेला कुनै वार्ताको सन्दर्भ नै छैन।' ओली-प्रचण्ड मूलतः प्रचण्डको टुकुचामा नुहाउन तयार नभएपछि 'भ्रम छर्ने र दमन चर्काउने' उद्देश्यले वार्ताको हल्ला गरिएको छ। पूर्वसभासद् गोरखा जेलब्रेककी कमान्डर, पार्टी पीबीएम क.शिलुको गिरफ्तारीले सरकार वार्ता र शान्ति होइन, गृहयुद्ध चाहन्छ भन्ने स्पष्ट भएको छ। गृहयुद्ध नचाहने सबैले सरकारलाई किचकन्यापथमा हिँड्नबाट रोक्नुपर्छ।




## वैदेशिक रोजगार विभागको

# अत्यन्त जरुरी सूचना !

१. वैदेशिक रोजगारमा जान चाहनुहुन्छ भने घर सल्लाह गरी मानसिक रूपमा समेत तयार हुनुपर्दछ।

२. वैदेशिक रोजगार विभागबाट इजाजत लिई हाल सञ्चालित मेनपावर कम्पनी हो कि होइन ? बुझी स्वीकृतिप्राप्त मेनपावरमार्फत् जानुहोला। एजेन्ट वा व्यक्तिले वैदेशिक रोजगारीमा पठाउन कानुनतः नमिल्ने भएकाले त्यसतर्फ सचेत रहन एवम् त्यसरी जाँदा ठगिने र विदेशमा अलपत्र पर्न सक्ने सम्भावना हुन्छ।

३. मेनपावर कम्पनीबाट जाँदा कुन देशमा, कुन कामका लागि, कति तलबमा, कति अवधिका लागि, कति खर्च लाग्ने, ओभर टाइम हुने नहुने, कति अवधिभित्र पठाउने हो ? यकिन गरी मेनपावर कम्पनीको प्रधान कार्यालयमा मात्र रकम बुझाउनुहोला। बुझाएको रकमको भरपाई लिन नबिर्सिनुहोला। एजेन्ट वा कुनै व्यक्तिलाई रकम नबुझाउनु होला ठगिने सम्भावना हुन्छ।

४. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली राजदूताबासको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा लिई जानुहोला।

५. सूचीकृत स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराई स्वास्थ्य प्रमाणपत्र लिनुका साथै वैदेशिक रोजगार बिमा अनिवार्य गराउनुहोला। विदेश जानुअघि अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिनुपर्छ।

६. विदेश जानुअघि जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता–पत्रमा हस्ताक्षर गर्नुहोला। सोको एकप्रति आफूसँग राख्नुहोला। फरक फरक सम्झौता नगर्नुहोला।

७. वैदेशिक रोजगारीसँग सम्बन्धित तपाईका सम्पूर्ण कागजातहरू (राहदानी, श्रम स्वीकृतिपत्र/श्रम स्टिकर, बिमा, सम्झौतापत्र, कल्याणकारी रसिद आदि) को फोटोकपी परिवारलाई दिई जानुहोला।

८. कानुन बमोजिम सुविधा (बिमा, कल्याणकारी रकम) पाउन वैदेशिक रोजगारमा जाँदा नेपालकै हवाईमार्ग (एयरपोर्ट) प्रयोग गर्नुहोला। विभागको स्वीकृतिबेगर विदेश (भारत) को विमानस्थल प्रयोग गर्न मिल्दैन। याद गर्नुहोस्, यसो गरेमा तपाईंलाई कार्बाही हुन सक्छ। यसबाट तपाईं वा तपाईंको परिवार सुविधाबाट बञ्चित हुन सक्नुहुन्छ।

९. वैदेशिक रोजगारसम्बन्धी जानकारी तथा सूचना र ठगीसम्बन्धी जानकारी जगाउन तत्काल विभागको हटलाइन फोन नं. ०१–४११२३५० मा तथा वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गराउनुहोला।

१०. पहिलेको श्रम स्वीकृतिको म्याद नाघेको वा नयाँ देश र कम्पनीमा वैदेशिक रोजगारीमा पुनः जाँदा अनिवार्यरूपले श्रम स्वीकृति लिनुहोला। करार अवधि सकिएपछि पुनः स्वीकृति बेगर नबस्नुस् अन्यथा सरकारको तर्फबाट कुनै पनि कानुनी उपचार र सुविधा उपलब्ध हुनेछैन।

११. महिला कामदारहरू वैदेशिक रोजगारीको लागि साउदी अरेबिया, कतार, यु.ए.ई. र कुवेतमा घरेलु कामदारको रूपमा जानुपूर्व सम्बन्धित देशको नेपाली राजदूतावास/श्रम सहचारीबाट करारपत्र र भिसा प्रमाणित गराई श्रम स्वीकृति लिई मात्र जानुहोला।

१२. कसैलाई कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय वैदेशिक रोजगार विभागमा सूचना दिनुहोला।

१३. वैदेशिक रोजगारीका लागि प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्नुहोला। कुनै विषयमा शंका लागेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सम्पर्क गर्नुहोला।




निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ